# मिथिला विहारी नगरपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)




नगर कार्यपालिकाको कार्यालय

**मिथिला विहारी नगरपालिका**

तारापट्टी, धनुषा

मधेश प्रदेश, नेपाल

२०८०

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| दस्तावेज : | मिथिला विहारी नगरपालिकाको राजस्व सुधार कार्ययोजना |
| सहयोग | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधाम |
| परामर्शदाता : | स्ट्रेन्थ ईन्जिनियरिङ कम्पनी प्रा.लि., काठमाडौं |
| मिति : | २०८० |


**कृतज्ञता ज्ञापन**

मिथिला विहारी नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने नगरपालिका प्रमुख श्री राजेन्द्र प्रसाद यादव, उप-प्रमुख श्री शोभादेवी साह, प्रमुख प्रशासकीय अधिकृत श्री रामदरश यादव तथा कार्यपालिका सदस्यहरू, कर्मचारी वर्गहरू, उद्योगी व्यापारी तथा समाजसेवी लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

स्ट्रेन्थ ईन्जिनियरिङ कम्पनी प्रा.लि.
काठमाडौं

# विषयसूची


परिच्छेद एक–परिचय ....................3

१.१ पृष्ठभूमि ....................3

१.२ राजस्व सुधार योजनाको औचित्य ....................4

१.३ योजनाले राखेका उदेश्यहरु ....................5

१.४ योजना तर्जुमा विधि तथा प्रक्रिया ....................5

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ....................5

१.४.२ प्रारम्भिक वैठक तथा अभिमुखीकरण ....................5

१.४.३ तथ्याङ्क संकलन ....................6

१.४.४ मस्यौदा प्रतिवेदन प्रमाणीकरण कार्यशाला ....................6

१.४.५ प्रतिवेदनको अन्तिम रुप ....................6

१.५ योजनाका सीमाहरु ....................6

परिच्छेद दुई–नगरपालिकाको संक्षिप्त परिचय ....................8

२.१ नगरपालिकाको परिचय ....................8

२.२ नगरपालिकाको मानव संसाधन ....................9

परिच्छेद तीन–राजस्व अधिकार तथा आय सम्भाव्यता ....................10

३.१ नगरपालिकाको राजस्व अधिकार सम्वन्धि कानूनी व्यवस्था ....................10

३.२ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था ....................11

३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ....................13

३.३.१ कर राजस्व ....................13

३.३.२ गैर राजस्व ....................17

परिच्छेद चार-आय संकलनको संस्थागत क्षमता तथा अवस्था ....................20

४.१ राजस्व परिचालन सम्बन्धी नीति ....................20

४.२ आय संकलनको संस्थागत क्षमता ....................21

४.३ आन्तरिक आय परिचालन ....................22

४.४ राजस्व परिचालनमा रहेका सवालहरु ....................22

परिच्छेद पाँच-राजस्व सुधार कार्ययोजना ....................25

५.१ राजस्व सुधार कार्ययोजना ....................25

परिच्छेद छ-आगामी तीन वर्षको आय प्रक्षेपण ....................30

६.१ राजस्व सुधार कार्ययोजनाको आधारमा राजस्व प्रक्षेपण ....................30

६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ....................32

परिच्छेद सात–अपेक्षित नतिजा ....................34

परिच्छेद आठ–अनुगमन तथा मूल्यांकन ....................37

अनुसूचीहरु ....................38

# परिच्छेद एक–परिचय

## १.१ पृष्ठभूमि

प्रचलित स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को दफा ६९ (२) मा उल्लेख भए अनुसार स्थानीय तह आफैंले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, कुनै व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम स्थानीय तहका आयस्रोत हुन सक्छन। यस्तै राष्ट्रिय प्राथमिकताका आधारमा स्थानीय सरकारका लागि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघ-संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम, अन्य स्थानीय सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, आन्तरिक ऋणबाट प्राप्त रकम तथा स्थानीय तहलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम पनि स्थानीय तहको आयस्रोत हुन सक्छ। तर स्थानीय तह आफैंले सङ्कलन गर्नसकेको आय वा राजस्व रकमका आधारमै स्थानीय तहमा दिगो विकासको सम्भावनाको आँकलन गर्न सकिने भएकाले मिथिला विहारी नगरपालिकाले आन्तरिक आयस्रोत सङ्कलन मै विशेष ध्यान दिन जरुरी छ। बाह्य आयलाई संघीय सरकार वा प्रदेश सरकारले निर्धारण गरे वमोजिमको क्षेत्र एवं कार्यक्रम वा शीर्षकमा तोकिएको शर्त वा मापदण्ड पूरा गरेर मात्र खर्च गर्नुपर्ने भएकाले स्थानीय तहलाई आन्तरिक आय प्रयोगको तुलनामा बाह्य आयको प्रयोग त्यति सहज नहुन सक्छ।

प्रचलित स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को परिच्छेद ९ (दफा ५५-६२) मा उल्लेख भए अनुसार नगरपालिकाले सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर तथा बिभिन्न प्रकारका सेवा शुल्क शीर्षकहरूबाट आय सङ्कलन गर्नसक्ने देखिए पनि सबै स्रोत समान रूपमा बिभिन्न दृष्टिकोणले सम्भाव्य नहुन सक्छ। कर तथा गैरकर दुवै स्थानीय तहका आफ्नै आयस्रोत हुन तापनि यसको सङ्कलनमा प्रभावकारिता ल्याउन स्थानीय तहकै आन्तरिक प्रशासनिक क्षमता बढाउनुपर्ने हुनसक्छ। कर प्रगतिशील विशेषता र सङ्कलन सम्भाव्य हुँदैमा स्थानीय तह सबल एवं सक्षम हुने भने होइन। स्थानीय स्रोत सङ्कलनमा सक्षम बनेमात्र स्थानीय तहको सबलता प्रमाणित हुनसक्छ। यसका लागि एकातर्फ सबै करदाताको तथ्याङ्क सहितको अभिलेख व्यवस्थापन गरी त्यो अभिलेखलाई समय-सापेक्ष परिमार्जन गर्न जरुरी छ भने अर्कोतर्फ सङ्कलित करको प्रयोगमा करदाता सन्तुष्ट हुनुपर्छ अर्थात् सङ्कलित स्रोतलाई पारदर्शी तरिकाले खर्च गर्नुपर्छ।

नेपालको प्रचलित संविधानले प्रदान गरेको अधिकारका आधारमा बनेका संघ, प्रदेश र स्थानीय तहहरु आफैमा त्यस्ता शक्तिशाली तहहरु हुन जसले संविधानको दायरा भित्र रही पूर्ण स्वायत्तताका साथ कामगर्ने क्षमता राख्छन् । तसर्थः राजनीतिक परिवर्तनको अपेक्षा वमोजिम भएको रुपान्तरणकारी परिर्वतनले समुदायको घरदैलोमा अधिकार मात्र पुऱ्याएको छैन स्थानीय तहका राजनीतिक व्यक्तित्वहरुलाई आफ्नो क्षेत्रमा विकास र सम्वृद्धि ल्याउन क्षमता प्रर्दशन गर्ने अवसर पनि प्रदान गरेको छ । बलियो इच्छा शक्ति र दीर्घकालिन सोंचयुक्त राजनीतिक नेतृत्वहरुले आगामी केहि वर्ष भित्र आफ्नो पालिकालाई साँच्चिकै नमूना बनाउन सक्ने अवसर पाएका छन् । जसले अन्ततोगत्वा नागरिकको जीवनयापनलाई सहज र सुविधाजनक बनाइदिन्छ । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने क्रममा सवैभन्दा पहिले भौतिक पूर्वाधार विकास हुन जरुरी छ। तर यसका लागि स्थानीय तहले पर्याप्त आर्थिक स्रोत व्यवस्थापन गर्नुपर्छ।

यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक

हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति संविधानले नै गरेको छ।

अनुसूची-५ मा संघीय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका (२१ वटा अधिकार सूची, अनुसूची-७ मा संघ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रशस्त गरिदिएको छ । जसको पृष्ठभुमिको रुपमा दश बर्षे शसस्त्र द्वन्द्व, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन तथा तत्पश्चातको मधेस आन्दोलनको जगमा स्थापित संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाले परिकल्पना गरेको संघीय शासन व्यवस्थालाई मुर्तरुप दिन संविधानसभामार्फत घोषित नेपालको संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा संघ, प्रदेश र स्थानीय तह गरी तीन राजनीतिक तहमा विभाजन गरेको छ ।

नागरिकको विकासका आवश्यकता पूरा गर्नका लागि पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ। जुन स्थानीय तहले सम्पत्ति कर सङ्कलनलाई उच्च प्राथमिकतामा राखेको छ, उसले आफ्ना नागरिकको आवश्यकता दिगो ढङ्गले पूरा गर्ने सम्भावना बढी हुन्छ। हालका स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन- २०७४ ले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने धेरै अधिकार निक्षेपण गरेको छ। स्थानीय तहले पारदर्शी तरिकाले आफ्ना क्रियाकलाप अगाडि बढाए मात्र सबै नागरिकलाई करको दायरामा ल्याउन सजिलो पर्छ। स्थानीय तहमा गरिने क्रियाकलापको पारदर्शिताले जनमानसमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्भव भएसम्म प्रतिनिधिमूलक तरिकाबाटै भए पनि विकास निर्माणका क्रियाकलापमा करदातालाई निर्णय प्रक्रियादेखि कार्यान्वयन तहसम्म संलग्न गराउन सके कामको गुणस्तर कायम गर्न र आयस्रोत सङ्कलन गर्न सहज हुनसक्छ। सिमित नागरिकलाई असीमित कर वा बढी दरमा कर लगाएर भन्दा थोरै कर दरमा धेरै करदाता समेट्दै धेरै कर सङ्कलन गर्न सक्नुलाई कर प्रशासनको सक्षमता मानिन्छ। वर्तमान सन्दर्भमा आउँदा बर्षहरु स्थानीय सरकारकालागि प्रारम्भिक तयारीको वर्ष भएकाले सबै स्थानीय तहले सम्भावित स्थानीय आयस्रोत व्यवस्थापनमा सक्रियता देखाउनसके पछिसम्मका लागि परनिर्भरता घटाउन सकिने सम्भावना छ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

वैधानिक रुपमा स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्न चिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरूले समयमै कानूनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानून सम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन जान्छ । नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय र राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय तहका सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेको स्थिति छैन । यसको मुख्य कारणमा स्थानीय सरकारको

संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्को स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ। यसै सन्दर्भमा राजस्व प्रक्रियामा सुधारका लागि नगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरिएको छ।

## १.३ योजनाले राखेका उदेश्यहरु

यस अध्ययनको समग्र उदेश्य मिथिला विहारी नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो। यस उदेश्य प्राप्तिका लागि देहाय अनुसारका सहायक उदेश्यहरु निर्धारण गरिएको छ।

- प्रचलित कानूनको भावना र उदेश्य अनुसार मिथिला विहारी नगरपालिकाको वर्तमान राजस्व प्रशासन सम्बन्धी नीति, कार्यक्रमहरु तथा कार्यान्वयन तौरतरिकाहरुको वस्तुनिष्ठ समीक्षा गर्ने।
- राजस्व सुधार कार्ययोजनाको आवश्यकता र महत्वबारे मिथिला विहारी नगरपालिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने।
- मिथिला विहारी नगरपालिकाको वर्तमान राजस्व प्रशासन सम्बन्धी नीति, कार्यक्रम तथा राजस्व दरवन्दी सम्बन्धमा सरोकारवालाहरुको धारणाको पृष्ठभूमिमा आवश्यक परिमार्जनका लागि सिफारिस गर्ने।
- आधुनिक राजस्व प्रशासनसँग सम्बन्धित सैद्धान्तिक तथा व्यवहारिक पक्षहरुको पृष्ठभूमिमा नयाँ नयाँ क्षेत्रहरुको पहिचान, विद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउन आवश्यक नीति, कार्यक्रम सहित आगामी आ.व.२०८०।०८१ का लागि आन्तरिक आय सम्बन्धी अनुमानमा संसोधन सहित आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण तथा सुधार कार्ययोजना सिफारिस गर्ने।
- मिथिला विहारी नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने।
- मिथिला विहारी नगरपालिकाको राजस्व प्रक्षेपण, बजेट अनुमान तथा सूचना प्रणालीमा सहयोग गर्ने।

## १.४ योजना तर्जुमा विधि तथा प्रकिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाकालागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो। यस अध्ययनका क्रममा अवलम्वन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता विज्ञहरुबाट विभिन्न स्रोतबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो। यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### १.४.२ प्रारम्भिक वैठक तथा अभिमुखीकरण

मिथिला विहारी नगरपालिकाको आयोजनामा २०८० साल वैशाख १६ गते राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारीका लागि प्रारम्भिक वैठक तथा अभिमुखीकरणको आयोजना गरिएको थियो। कार्यशाला गोष्ठी नगरपालिका प्रमुखको अध्यक्षतामा उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिका सदस्यहरु, वडा

अध्यक्ष ज्युहरु राजस्व परामर्श समितिका सदस्यहरु, नगरपालिकाको कर्मचारी वर्गहरु तथा उद्योगी व्यापारीहरु गरी जम्मा २४ जनाको उपस्थिति रहेको थियो । जसबाट ५ सदस्सीय राजश्व सुधार कार्ययोजना तयारी तथा कार्यान्वयन कार्यदलको समेत गठन गरिएको थियो । उपस्थितिको विवरण **अनुसुचि ३** मा रहेको छ ।

### १.४.३ तथ्याङ्क संकलन

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा नगरपालिकाका कर्मचारीहरुको समन्वयमा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्ष चैत्र मसान्तसम्मको यथार्थ आय विवरण ।
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण ।
- चालु वर्षको आर्थिक ऐन तथा नीति तथा कार्यक्रम र बजेट ।
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण ।
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### १.४.४ मस्यौदा प्रतिवेदन प्रमाणीकरण कार्यशाला

मिथिला विहारी नगरपालिकाको आयोजनामा सम्झौता समयावधि भन्दा अगावै मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सो उपर सुझाव संकलन गर्दै प्रतिवेदनलाई अन्तिम प्रारुप दिन तथा राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने उपायहरुमाथी छलफलका लागि २०८० साल जेष्ठ २८ गते एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी नगरपालिका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरु तथा अन्य कर्मचारीहरुको उपस्थितिमा सुझावहरू संकलन गर्दै सम्पन्न गरिएको थियो ।

### १.४.५ प्रतिवेदनको अन्तिम रुप

कार्यशालाबाट प्राप्त सुझावलाई संग्रहित गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन नगरकार्यपालिकामा पेश गरियो ।

## १.५ योजनाका सीमाहरु

मिथिला विहारी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, विगतका वर्षहरूको पर्याप्त सुचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् ।

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ । यसको अलावा अध्ययन तथा विश्लेषण कार्य मिथिला विहारी नगरपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- मिथिला विहारी नगरपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- मिथिला विहारी नगरपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई–नगरपालिकाको संक्षिप्त परिचय

## २.१ नगरपालिकाको परिचय

मिथिला बिहारी नगरपालिका धनुषा जिल्लाका १८ बटा स्थानीय तह मध्ये मध्य भागमा पर्ने साविकको ६ वटा गाउँ बिकास समितिहरु (न.पा. का भूतही पर्टेवा, मिथिलेश्वर निकास, अन्दुपट्टी, तारापट्टी, सिरसिया, मिथिलेश्वर मौवाही, ठेरा कचुरी र कजरा रमौल) समाबेस गरी मधेश प्रदेश अन्तर्गतका स्थानिय तहहरु मध्ये मिथिला बिहारी नगरपालिका एक २०७३।११।२७ मा गठित स्थानीय तह हो । भौगोलिक रुपमा तराईको सुगम क्षेत्रमा अबस्थित रहेपनि मानव बिकास सुचकाङ्क तथा बिकासको दृष्टिमा पछाडि रहेको घना बस्ती भएको मिथिला राज्यको ऐतिहासिक परिक्रमा मेला मुख्य दुईवटा (डोला) लगायतका घुम्ती शिबिर मध्ये मिथिला बिहारी भगवानको नामबाट स्थापित रहेको छ । हिन्दु धर्मको पवित्र स्थान सितामाताको अर्थात भगवान रामको ससुराली पहिचान बोकेको जनकपुर नगरी भएकोले यसले मिथिला बिहारीलाई थप पृथक पहिचान दिएको छ ।

धार्मिक दृष्टिले ऐतिहासिक रहेको मिथिला बिहारी (राम भगवान) को नामबाट मिथिला बिहारी भनी यस स्थानिय तहको नामाकरण गरिएको हो । मिति एक २०७४।०२।११ गते राजपत्रमा प्रकाशन गरी मिथिला बिहारी गा.पा. लाई नगरपालिकामा स्तरोन्नती गरियो तर लागु हुन सकेन । सर्बोच्च अदालतको मिति २०७४।०५।२७ मा जारी अन्तरिम आदेश अनुसार मिथिला बिहारी नगरपालिकालाई नगरपालिकामा परिणत गरियो । यस नगरपालिकाको क्षेत्रफल ३७.६० वर्ग की.मी. रहेको भने यस नगरपालिकाको पूर्बमा धनुषाधाम र हंसपुर नगरपालिका, पश्चिममा क्षिरेश्वरनाथ न.पा., लक्षमिनिया न.पा., उत्तरमा धनुषाधाम न.पा. र क्षिरेश्वर नाथ न.पा. तथा दक्षिणमा हंसपुर न.पा. र जनकपुर उ.म.न.पा. रहेका छन् ।

### प्रमूख धार्मिक/साँस्कृतिक स्थल तथा सरोबर

यस नगरपालिका क्षेत्र भित्र मिथिला बिहारी मन्दिर, परशुराम तलाउ, सितासरोवर, राधाकृष्ण मन्दिर, दुर्गा मन्दिर, शिबलिङ्ग, सहलेस मन्दिर, नगरडिहबार मन्दिर, तपेश्वरनाथ मन्दिर, ललिया ठाकुर मन्दिर तथा यस नगरपालिका अर्न्तगत सबै भन्दा ठूलो नदीमा जलाद एंवं जगधर नदी पर्दछन् ।

### धर्म, संस्कृति र जातजाती

यस नगरपालिका क्षेत्रमा हिन्दु धर्म मान्नेहरुको बाहुल्यता भए तापनि मुस्लिम धर्म मान्नेहरु पनि रहेको पाईन्छ । यस क्षेत्रमा जुडशितल जुन प्रत्येक नयाँ बर्षमा भब्यताका साथ यस क्षेत्रका बासिन्दाहरु ८७ ब्यञ्जन जस्ता मीठा प्रकारहरु खाई एकआपसमा नयाँ बर्षको शुभकामना अदान प्रदान गरी प्रवेश गरिन्छ । यस क्षेत्रमा आषाढे पूजा, कृष्णजन्माष्टमी, दशैं, दिपावली, छठ्ठ, जितिया, माघे संक्रान्ति १५ दिने मध्यमिकी परिक्रमा मेला, होली, ईद, बकरीद, रोजा आदी इत्यादी पर्बहरु मनाउने गर्दछन । यस क्षेत्रमा खास गरी यादव, साह, मण्डल जातिको बाहुल्यता भएपनी यहाँ चमार, डोम, मुसहर, हलखोर, दुसाध, धानुक, केबट, मुसलमान, हलुवाई, धोबी, हजाम, लोहार, सोनार, माली, ब्राम्हण, कायस्थ, कथबनिया, कोईरी, राजपुत आदी जातजातिहरुको मिश्रित बसोबास रहेको पाईन्छ ।


### जनसंख्या[1]

यस नगरपालिकाको जनसंख्या ३८,२७३ रहेकोमा महिलाको ५०.६% (१९,३६६) र पुरुषको ४९.४% (१८,९०७) जनसंख्या रहेको छ । जहाँ कुल परिवार संख्या ७,६५४ रहेको छ । भने यहाँको कुल साक्षरता दर ६३.१% ( २४,१५१जना) रहेको छ जसमा महिलाको ५३.१% (१२,८२४ जना) पुरुषको ७३.७% (१७,८०० जना) साक्षरता दर रहेको छ । यहाँको कुल परिवार संख्या ७,६५४ रहेको छ भने महिला पुरुषको लैङ्गिक अनुपात १००:९७.७२ रहेको छ ।

1 राष्ट्रिय जनगणना २०७८ अनुसार

यस नगरपालिकाको कुल जनसंख्याको १.४% (५३६) अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । जसमा १.२% अपाङ्गता भएका महिलाहरु र १.५% अपाङ्गता भएका पुरुषहरु रहेका छन् । निम्न रेखाचित्रमा मिथिला विहारी नगरपालिकाको वडागत जनसंख्या प्रस्तुत गरिएको छ ।

**रेखाचित्र १: वडागत जनसंख्या**




## २.२ नगरपालिकाको मानव संसाधन

यस मिथिला विहारी नगरपालिकामा १ प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखामा ५ जना, सूचना प्रविधि शाखामा १ जना, शिक्षामा १ जना, कृषि शाखामा १ जना, पञ्जीकरण शाखामा १ जना, लेखामा २ जना, महिला विकासमा २ जना, प्रशासनमा १ जना, रोजगार सेवा केन्द्रमा १ जना, बहुक्षेत्रीय पोषण कार्यक्रममा १ जना, न्यायिक समितिमा १ जना, जिन्सीमा १ जना र प्राविधिक शाखामा ६ जना गरि जम्मा २५ जना कर्मचारीहरु विभिन्न पद र दरबन्दीमा कार्यरत रहिआएका छन् ।

# परिच्छेद तीन–राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानूनी व्यवस्था समेतका आधारमा आन्तरिक स्रोततर्फ यस नगरपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शिर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

## ३.१ नगरपालिकाको राजस्व अधिकार सम्वन्धि कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ अनुसूची ८ अनुक्रम ४ वमोजिम नगरपालिकालाई सम्पत्ति कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, घर बहाल कर, व्यवसाय कर र घर जग्गा रजिष्ट्रेशन दस्तुर, पर्यटन शुल्क, सेवा शुल्क दस्तुर ( नक्सापास दस्तुर समेत), दण्ड जरिवाना जस्ता राजस्व अधिकार प्रदान गरेको छ भने संघीय कानून स्थानीय सरकार संचालन ऐन, २०७४ ले राजस्व अधिकारको थप व्याख्या गरेको छ । जसअनुसार केही नेपाल ऐन संसोधन गर्ने ऐन २०७५ ले दफा ५५ (सम्पत्ति कर), आर्थिक ऐन २०७५ द्वारा संसोधित दफा ५६ भूमिकर (मालपोत) तथा केही नेपाल ऐन संसोधन गर्ने ऐन २०७५ द्वारा दफा ६२ क र ख मा सेवा शुल्कहरु मार्फत थप व्याख्या तथा व्यवस्था गरेको छ ।

मिथिला विहारी नगरपालिकाभित्रको घरजग्गाको मूल्यको आधारमा सम्पत्तिकर वा मालपोत (भूमिकर), घर वहालकर, पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसायकर, रिक्सा, टांगा, अटोरिक्सा, ई-रिक्सामा सवारीकर, उन, खोटो, वनकस कवाडीमाल, जीवजस्तुको हाड, सींग, प्वाख छालाको व्यवसायिक उपयोगमा जडिवुटि, कवाडी र जीवजन्तुकरका साथै आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार, पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत वहाल विटौरी शुल्क, आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन पाउने गरी कानूनी व्यवस्था गरेको छ ।

त्यस्तै आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदिमा, अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन र सिफारिस सम्बन्धी कुनै सेवामा सेवा शुल्क लगाउन पाउने व्यवस्था गरेको छ ।

यसै गरी दस्तुर तर्फ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन, कोचिङ्ग, औषधी पसल, प्लटिङ, ढुंगा, गिटी, वालुवा, माटो, खरिढुंगा, स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग, नक्सापास, पंजिकरण, सिफारिस, जग्गा नापजाँच, वस्तु तथा सेवा बिक्रि, ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी कार्यको दर्ता अनुमति वा नविकरण गर्दा दस्तुर लिन सक्ने व्यवस्था गरेको छ ।

नेपालको संविधान तथा अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ अनुसार संघ, प्रदेश तथा स्थानीय सरकार बीच बाँडफाँड हुने व्यवस्था अनुसारको राजस्व अधिकार देहाय वमोजिम रहेको छ ।

**क) संघ तथा प्रदेश कानूनको आधारमा स्थानीय तहमा प्राप्त हुने**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**ख) स्थानीय तहमा संकलन भई बाँडफाँड हुने**

- **मनोरञ्जन कर** : मनोरञ्जन करको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलन भएको रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- **घर जग्गा रजिष्ट्रेशन शुल्क** : घरजग्गा रजिष्ट्रेशन शुल्कको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलित रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।

**ग) प्रदेश तहबाट संकलन भई बाँडफाँड हुने**

- **सवारी साधन (टाँगा, रिक्सा, अटो रिक्सा, विद्युतिय रिक्सा बोहक) कर**को दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र संकलित रकममध्ये प्रदेशले ६० र स्थानीय तहले ४० प्रतिसत पाउने गरी बाँडफाँड हुने ।
- **बिज्ञापन कर** : स्थानीय तहले विज्ञापन कर लगाउने र उठाउने । यसरी उठेको रकम स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।

## ३.२ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानूनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ । जसलाई देहायको तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १: आन्तरिक आयका परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/ नभएको | दर निर्धारण भएको /नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| 1= | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| 2= | सम्पत्ति कर | भएको | नभएको | नभएको |
| 3= | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | नभएको |
| 4= | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| 5= | व्यवसाय कर | भएको | नभएको | भएको |

| | | | | |
|---|---|---|---|---|
| 6= | जडिबुटी, कवाडी र जिवजन्तु कर | नभएको | नभएको | नभएको |
| **ख.** | **अन्य राजश्व** | | | |
| 1= | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | नभएको | नभएको | नभएको |
| 2= | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| 3= | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| 4= | वहाल विटौरी शुल्क | भएको | नभएको | नभएको |
| 5= | पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| 6= | अस्पताल संचालन | भएको | नभएको | नभएको |
| 7= | फोहरमैला ब्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| 8= | स्थानीय खानेपानी महसुल | नभएको | नभएको | नभएको |
| 9= | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| 10= | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | नभएको | नभएको | नभएको |
| 11= | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुल आदि | भएको | नभएको | नभएको |
| 12= | मूल्यांकन सेवा शुल्क | भएको | नभएको | नभएको |
| 13= | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | भएको | भएको | भएको |
| 14= | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | नभएको |
| 15= | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| 16= | दण्ड जरिवाना | नभएको | नभएको | नभएको |

स्रोत: मिथिला विहारी नगरपालिका, २०८०

### ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

मिथिला विहारी नगरपालिकाले प्रचलित कानून वमोजिम आन्तरिक स्रोततर्फ संकलन गर्ने राजस्व मध्ये हाल उठाइरहेका आय तथा राजश्वहरु सम्बन्धी विद्यमान तथा संभावित आयका क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ।

#### ३.३.१ कर राजस्व

**क) सम्पत्ति कर**

**हालको अवस्था**

केही नेपाल ऐन संसोधन गर्ने ऐन २०७५ ले स्थानीय सरकार संचालन ऐनको दफा ५५ र ५६ खारेज गरी एकीकृत सम्पत्ति कर सम्बन्धी विद्यमान कानूनी व्यवस्थामा परिवर्तन गरी सम्पत्ति करको व्यवस्था भएपनि नगरपालिकाले सम्पत्ति करको कार्यान्वयन गरेको पाईंदैन । साथै आन्तरिक आयको खण्डीकृत विवरण समेत वेवसाईटमा प्रकाशन भएको पाइएको छैन । तर नगरपालिकामा चल्तीका अधिकतम र न्युनतम प्रतिआना जग्गा मुल्य यस प्रकार छन् । पक्कि सडकको दायाँबायाँ अधिकतम रु. ६ लाख, न्युनतम रु. ४ लाख, ग्राभेल सडकको दायाँबायाँ अधिकतम रु. ४ लाख, न्युनतम रु. ३ लाख, कच्चि सडकको दायाँबायाँ अधिकतम रु. ३ लाख, न्युनतम रु. २ लाख तथा सडकले नछोएको कृषि भूमि वा अन्य जमिनको अधिकतम रु. २५ लाख, न्युनतम रु. २ लाख रहेको पाईन्छ । यस नगरपालिकाको आर्थिक ऐन २०७९ को अनुसुची १ ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ अनुसार सम्पत्ति कर कार्यान्वयन गरिने छ भनिएको छ।

**संभाव्यता**

राष्ट्रिय जनगणना २०७८ को परिणाम अनुसारको ७,६५४ परिवार संख्यामध्येबाट ५,००० परिवारहरुलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । तसर्थ: यस नगरपालिकामा कच्ची, ग्राभेल तथा पक्कीबाटामा रहेका कच्ची र फुस/खरले छाएका घर, ढुंगा,माटो/खर/टायल/टिनको छानो भएका घर, टायल वा ढुंगाले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घरजग्गाहरुको सम्पत्ति करको दायरा बढाउँदै कार्यान्वयन गर्न तालिका २ मा सम्पत्ति कर अनुमान प्रक्षेपण गरिएको छ। आगामी तीन वर्षको लागि सम्पत्ति करको यस नगरपालिकामा कुल सम्भाव्यता रु. २,७२०,००० प्रक्षेपण गरिएको छ।

**तालिका २: प्रस्तावित सम्पत्तिकर अनुमान प्रक्षेपण**

| करदाता संख्या (%) | अनुमानित करदाता संख्या | अनुमानित अचल सम्पत्ति मूल्यांकन (रु.) | औषत करभार (रु.) | अनुमानित प्रक्षेपण (रु.) |
|---|---|---|---|---|
| 35 | 1,750 | 300000 | 15 | 26250 |
| 25 | 1,250 | 700000 | 125 | 156250 |
| 20 | 1000 | 1100000 | 350 | 350000 |
| 10 | 500 | 1500000 | 750 | 375000 |
| 5 | 250 | 1800000 | 2000 | 500000 |
| 3 | 150 | 2100000 | 3750 | 562500 |
| 2 | 100 | 2500000 | 7500 | 750000 |
| **जम्मा** | **5,000** | | | **2,720,000** |

**सुधारका पक्षहरु**

- स्थानीय सरकार संचालन ऐनको संसोधित दफा ५५ अनुसार सम्पत्ति कर कार्यान्वयन गर्नुपर्ने ।
- आर्थिक ऐनमा संविधान र संघीय कानूनको व्यवस्था अनुसार प्रगतिशिल करको रुपमा सम्पत्ति कर व्यवस्थापनको कार्यविधि निर्माण गर्नुपर्ने ।
- सम्पत्ति मूल्यांकनमा स्व-घोषणा विधिबाट कर व्यवस्थापन वारे पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम संचालन गर्नुपर्ने ।
- सम्पत्ति करको व्यवस्था बारे आमजनताहरुलाई विभिन्न माध्यमबाट सु-सूचित गर्ने ।

## ख) मालपोत (भुमिकर)

**हालको अवस्था**

यस नगरपालिकाले मालपोत (भुमिकर) कार्यान्वयन गरिरहेको पाईन्छ । नगरपालिकाले वेव साईटमा समेत दररेटहरु खुलाएर राखेको पाईदैन । यस नगरपालिकाको आर्थिक ऐन २०७९ को अनुसुची २ ले २० कट्ठा जग्गा सम्मको निःशुल्क तथा २० कट्ठा भन्दा बढी भएमा प्रति कट्ठा रु. १० का दरले मालपोत निर्धारण गरेको छ ।

**संभाव्यता**

यस नगरपालिकाको कुल परिवार संख्या ७,६५४ रहेको छ । यसरी मालपोत (भुमिकर) कार्यान्वयनका लागि ५,००० परिवार संख्यालाई आधार लिंदा वार्षिक रु. १०० का दरले आगामी तीन आ.व.सम्ममा कुल संभाव्यता ५ लाख रुपैंया रहने देखिन्छ ।

**सुधारका पक्षहरु**

मालपोत (भुमिकर) कार्यान्वयनका लागि नगरपालिकाले निम्नानुसारका सुधारका पक्षहरु सम्बोधन गर्नुपर्ने देखिन्छ ।

- मालपोत कार्यालयसँग समन्वय गरी नगरपालिकामा जग्गाधनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- मुख्य बजारक्षेत्र तथा सडक पहुँच भएका बढी मुल्य पर्ने क्षेत्रमा करको दर बढी र बस्ती तथा सडकको सहज पहुँच नभएका क्षेत्रमा करको दर कम निर्धारण गर्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

## ग) घरजग्गा वहाल कर

यस नगरपालिका भित्रका कुनै व्यक्तिले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लिइने कर घरजग्गा बहाल कर हो । यो कर स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेको कर व्यवस्था हो । यस नगरपालिकाको आर्थिक ऐन २०७९ को अनुसुची ३ घरजग्गा वहाल कर १०% निर्धारण गरेको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन घर वहाललाई आवासिय र व्यावसायिक दरमा वर्गिकरण गरिएको छ भने विद्यमान करको दरलाई परिवर्तन गरि आवासिय तर्फ बार्षिक भाडा रकम अनुसार ३ देखि ८ प्रतिसत सम्म र व्यवसायिक क्षेत्रका लागि ५ देखि १० प्रतिसत सम्म करको दर अनुमान प्रक्षेपण गरिएको छ ।

### ग.१) आवासिय वहाल दर

**हालको अवस्था**

यस नगरपालिकाको कुल १२५ परिवार वहालमा बस्ने गरेको अनुमान गरिएको छ । साथै नगरपालिकाले संघीय कर प्रणाली अनुसार वार्षिक १०% लाई नै प्रचलित वहाल कर मानि कार्यान्वयन गरिरहेको पाईन्छ ।

**संभाव्यता**

यसरी हालको अवस्थालाई मध्यनजर गर्दा यस नगरपालिकामा आवासिय घर वहालमा लगाइएका घरधुरी संख्या १६५ अनुमान गरिएको छ । नगरपालिकाले कुनै भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना भनी उल्लेख भए बमोजिम तलको तालिका ३ मा आगामी तीन आ.व.का लागि आवासिय वहाल करको दर अनुमान प्रक्षेपण गरिएको छ। जसमा कुल संभाव्यता १४ लाख तीन हजार रुपैंया रहेको छ।

**तालिका ३: आवासिय वहाल दरको प्रक्षेपण**

| क्र.सं. | आवासिय भाडा दर (बार्षिक) | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| 1 | 200000 | 43 | 0.08 | 688000 |
| 2 | 180000 | 31 | 0.07 | 390600 |
| 3 | 150000 | 20 | 0.06 | 180000 |
| 4 | 120000 | 15 | 0.05 | 90000 |
| 5 | 100000 | 10 | 0.04 | 40000 |
| 6 | 80000 | 6 | 0.03 | 14400 |
| | **जम्मा** | **125** | | **1,403,000** |

स्रोत: मिथिला विहारी नगरपालिका, २०८०

**सुधारका पक्षहरु**

- घरजग्गा बहालमा लगाउने वस्ने व्यक्तिको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।

### ग.२) व्यावसायिक वहाल दर

**हालको अवस्था**

यस नगरपालिकाको भित्र अनुमानित १००० वटा व्यवसायहरु रहेकोमा ४०० वटा दर्ता भएका र बाँकी ६०० वटा दर्ता हुन बाँकी रहेको व्यवसायहरु छन् । जसमा होलसेल, डिलर, वितरक लगायतका संख्या ६०, किराना, फेन्सी, रेष्टुराँ, तरकारी, फलफुल लगायत मद्यम व्यवसाय ८०० र चिया तथा अन्य खुद्रा पसलहरुको संख्या १४० रहेको छ ।

**संभाव्यता**

नगरपालिकाले कुनै भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना भनी उल्लेख भए बमोजिम तलको तालिका ४ मा आगामी तीन आ.व.का लागि आवासिय वहाल करदरको अनुमान प्रक्षेपण गरिएको छ । यसर्थ: आगामी तीन आ.व.हरुमा ५०० वटा व्यवसायहरुबाट वहाल करको कुल संभाव्यता अनुमान रु. १४,०६०,००० प्रक्षेपण गरिएको छ ।

**तालिका ४: व्यावसायिक वहाल दरको अनुमान प्रक्षेपण**

| क्र.सं. | व्यावसायिक भाडा दर ( बार्षिक) | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| 1 | 600000 | 200 | 0.05 | 6000000 |
| 2 | 500000 | 150 | 0.06 | 4500000 |
| 3 | 400000 | 70 | 0.07 | 1960000 |
| 4 | 300000 | 40 | 0.08 | 960000 |
| 5 | 200000 | 30 | 0.09 | 540000 |

| | | | | |
|---|---|---|---|---|
| 6 | 100000 | 10 | 0.1 | 100000 |
| | **जम्मा** | **500** | | **14,060,000** |

स्रोत: मिथिला विहारी नगरपालिका, २०८०

**सुधारका पक्षहरू:**

व्यावसायिक घरवहाल करलाई प्रभावकारी वनाउन मिथिला विहारी नगरपालिकाले देहायका कार्य गर्नु आवश्यक देखिन्छ :

- स्थलगत सर्वेक्षण गरी वहालमा रहेका संरचनाहरुको विवरण संकलन गरी लगत तयार तथा अद्यावधिक गर्ने ।
- घर जग्गा बहाल कर लगाउने र उठाउने सम्बन्धी कार्यविधि कानूनको निर्माण गरी लागु गर्ने ।

**घ) व्यवसाय कर**

**हालको अवस्था**

यस नगरपालिकाको अभिलेख अनुसार १००० वटा व्यवसाय रहेकोमा नगरपालिकामा दर्ता भई संचालनरत रहेको ४०० र बाँकी ६०० वटा व्यवसायहरु दर्ता हुन बाँकी रहेको पाइएको छ । यस नगरपालिकाको आर्थिक ऐन २०७९ को अनुसुची ४ ले व्यावसायहरुलाई ८१ वटामा वर्गीकरण गरि क, ख र ग गरि ३ श्रेणीमा विभाजन गरेको छ । जसमा क श्रेणीमा न्यूनतम रु. १० देखि रु. २५,००० सम्म, ख श्रेणीमा न्यूनतम रु. २०० देखि रु. २५,००० सम्म तथा न्यूनतम रु. ५०० देखि रु. २५,००० सम्म दर निर्धारण गरिएको छ। साथै माथि उल्लेख नभएका व्यवसायहरुको दर्ता दर रु. १,००० देखि रु. २,५०० सम्म तथा म्यादभित्र व्यावसाय कर नबुझाएमा १०% का दरले जरिवाना समेत लाग्ने व्यवस्था गरिएको छ ।

**संभाव्यता**

यस नगरपालिकाले आफ्ना क्षेत्रभित्र संचालनरत ४०० वटा दर्ता भएका व्यवसायहरुलाई वर्गीकरण गरि व्यवसाय कर लगाउन सक्ने प्रावधान अनुरुप अनुमानित तलको तालिका ५ बमोजिम कर अनुमान प्रक्षेपण गरिएको छ । यसरी आगामी ३ आ.व.हरुमा व्यवसाय करको कुल संभाव्यता ३ लाख २९ हजार रुपैया अनुमान गरिएको छ ।

**तालिका ५: व्यवसाय कर दरको अनुमान प्रक्षेपण**

| क्र.सं. | व्यवसायको विवरण | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| 1 | २० हजार देखि १ लाख सम्म (४० प्रतिशत) | 160 | 400 | 64000 |
| 2 | १ लाख देखि ३ लाख सम्म (२५ प्रतिशत) | 100 | 750 | 75000 |
| 3 | ३ लाख देखि ५ लाख सम्म (२० प्रतिशत) | 70 | 1000 | 70000 |
| 4 | ५ लाख देखि १० लाख (१० प्रतिशत) | 35 | 1000 | 35000 |
| 5 | १० देखि ५० लाख सम्म (५ प्रतिशत) | 20 | 1500 | 30000 |
| 6 | ५० लाख देखि १ करोड सम्म (३ प्रतिशत) | 10 | 3000 | 30000 |

| | | | | |
|---|---|---|---|---|
| 7 | १ करोड देखि ५ करोड सम्म (१ प्रतिशत) | 5 | 5000 | 25000 |
| | **जम्मा** | **400** | | **329000** |

स्रोत: मिथिला विहारी नगरपालिका, २०८०

**सुधारका पक्षहरू:**

- व्यवसाय कर सम्वन्धी आवश्यक सूचना सहितको व्यवसायहरुको यथार्थ विवरण संकलन तथा लगत अध्यावधिक गर्ने ।
- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यवसाय कर संकलनका सम्बन्धीमा उद्योग वाणिज्य संघसँग समन्वय गर्ने ।
- कर तिर्ने व्यवसायीको "व्यवसायी संकेत नं." कायम गर्ने ।

**ङ) विज्ञापन कर**

**हालको अवस्था**

यस नगरपालिकाले व्यापारिक प्रयोजनका लागि नीजि जग्गा वाहेककोमा वाल पेन्टिङ र होर्डिङ वोर्ड दररेट राखेकोमा पनि विज्ञापन कर लगाउने प्रावधान रहेको पाईन्छ । तर, संघीय कानुन अनुसार यो कर नगरपालिकाले दर निर्धारण र संकलन गर्ने तथा प्रदेशलाई ४० र स्थानीय तहलाई ६० प्रतिसतका दरले बाँडफाँड हुने प्रावधान राखिएको छ । साथै नगरपालिकाक्षेत्र भित्र यस्ता विज्ञापनको होर्डिङ वोर्ड र डिजिटल वोर्ड के कति संख्यामा छ भन्ने विवरण उपलब्ध हुन नसकेको साथै यस नगरपालिकाको आर्थिक ऐन २०७९ दफा ७ सँग सम्बन्धित अनुसुची ६ ले ठेक्का प्रकृयाद्धारा विज्ञापन कर उठाउनका लागि विज्ञापनलाई ७ वर्गमा विभाजन गरि न्यूनतम प्रतिफिट रु. २० देखि रु. १००० सम्म दर निर्धारण गरेको छ ।

**संभाव्यता**

यस शिर्षकमा कुल सम्भाव्यता रु. ३००,००० अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु**

यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन निम्न बमोजिमका कामहरु अविलम्व थालनी गर्नु पर्ने देखिन्छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका बिज्ञापन वोर्ड तथा अन्य व्यापारिक बिज्ञापन वोर्डहरुको अभिलेख तयार गर्ने ।
- बिज्ञापन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने ।
- नगरपालिका क्षेत्रभित्रमा विज्ञापन प्रयोजनमा राखिने वोर्ड हरु राख्नुपूर्व अनिवार्य अनुमती लिनुपर्ने व्यवस्था गर्ने ।

### ३.३.२ गैर राजस्व

**क) वहाल विटौरी शुल्क**

**हालको अवस्था**

यस नगरपालिकाको स्वामित्वमा पोखरी तथा बजार लगायतका क्षेत्रहरु रहेका छन् । यस मिथिला विहारी नगरपालिकाले माछापालन प्रयोजनका लागि पोखरीहरु ठेक्कामा लगाएको तर दर प्राप्त रकमहरुको विवरण

वेवसाईटमा प्रकाशित गरेको पाईंदैन । यस नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा ९ सँग सम्बन्धित अनुसुची ८ बहाल विटौरी शुल्कको दरहरु ८ प्रकारका कामहरुका लागि न्यूनतम रु. १० देखि रु. २०० सम्म निर्धारण गरिएको छ । साथै पशु बजार सेवा शुल्कको दरहरु पनि रु. १५० देखि रु. ५०० सम्म निर्धारण गरिएको छ ।

**संभाव्यता**

जसमा आगामी तीन आ.व.हरुका लागि १० लाख रुपैंया प्रक्षेपण गरिएको छ ।

**सुधारका उपायहरु**

मिथिला विहारी नगरपालिकाले आफ्नो स्वामित्वमा जग्गा कति छ? त्यस्ता जग्गालाई नीजि क्षेत्र, सहकारी, अन्तरपालिका वा जनतासँगको सहकार्यमा उच्चतम प्रतिफल आउने गरि प्रयोग गर्न सकिने अवस्था कस्तो छ भन्ने कुराको एकिन तथ्यांक, योजना तथा तयारी गर्नुपर्ने देखिन्छ । यसका लागि नगरपालिका तत्परताका साथ वहाल विटौरी शुल्क मार्फत राजश्व बढाउनका लागि लेखाजोखा गरि आवश्यक कार्यविधि निर्माण गर्नुपर्ने देखिन्छ ।

## ख) सेवा शुल्क तथा दस्तुरहरु

**हालको अवस्था**

यस नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा ११ सँग सम्बन्धित अनुसुची १० अनुसार ६० प्रकारका सिफारिसका लागि फाराम दस्तुर र सिफारिस दस्तुर लिने व्यवस्था गरिएको छ । जसमा जग्गा प्रमाणित मुल्यांकन सिफारिसको प्रति हजारमा रु. १ देखि अधिकतम रु. १,५०० सम्म निर्धारण गरिएको छ । अंग्रेजीमा सिफारिस गराउँदा भने प्रति सिफारिस रु. ५०० दर तोकिएको छ ।

**संभाव्यता**

जसमा नगरपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरु गरे वापत लिईने अन्य सेवा शुल्कहरु पर्दछन्, जुन नगरपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । जसमा पनि सेवा शुल्क दस्तुरहरु शिर्षकमा उच्चतम देखि न्यूनतमको सीमा तोकेर लिने व्यवस्था गर्नु उचित हुन्छ । साथै त्यसै गरी नगरपालिकाबाट गरिने सिफारिसलाई "एक पटक दिने र वारम्बार दिने" गरी दुई भागमा वर्गिकरण गरी सोही अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।

## ग) घरनक्सा पास तथा अभिलेखीकरण दस्तुर

**हालको अवस्था**

मिथिला विहारी नगरपालिकाको आर्थिक ऐन २०७९ अनुसुची १० दफा ११ सँग सम्बन्धित नक्शापास दस्तुर तथा फाराम शुल्कको दररेट अनुसार आरसिसि भुईंतल्ला प्रति वर्गफिट रु. ६, त्यस्तै प्रथम दोश्रो तेश्रो र सो भन्दा माथि तल्लाहरु निर्माण गर्दा क्रमश: रु. १२, रु. १५ र रु. १८ त्यस्तै कम्पाउण्ड वाल प्रतिफिट रु. ३, घर निर्माण सम्पन्न प्रमाण पत्र प्रतिफिट रु. ३ तथा नक्सापास दस्तुर रु. ५०० लगायत व्यवस्था गरिएको तर पुराना घरहरुको अभिलेखीकरणको सम्बन्धमा केही व्यवस्था गरिएको छैन ।

**संभाव्यता**

यसका लागि नगरपालिकाको कुल घरधुरी संख्या ७,६५४ लाई आधार मानि तालिका ६ बमोजिम घरनक्सा पास तथा अभिलेखीकरण दस्तुर सम्बन्धी अनुमानित प्रक्षेपित आयको ढाँचा आगामी तीन आ.व.हरुका लागि घरनक्शा पासमा क्रमशः रु.१४,३५१,२५० तथा अभिलेखीकरणमा रु. गरी कुल रु. ९५६,७५० आय हुने अनुमान प्रक्षेपण गरिएको छ ।

**तालिका ६: घरनक्सा पास तथा अभिलेखीकरण दस्तुर**

| राजस्वको शिर्षक | औसत करको दर | अनुमानित करदाता संख्या | अनुमानित राजस्व |
|---|---|---|---|
| घर नक्सापास | 2500 | 5741 | 14,351,250 |
| अभिलेखिकरण | 500 | 1914 | 956,750 |
| | **जम्मा** | **7,654** | **15,308,000** |

स्रोतः मिथिला विहारी नगरपालिका, २०८०

**सुधारका उपायहरु**

नगरपालिकाभित्र निर्माण हुने कुनै पनि भौतिक संरचना नक्सा पास पश्चातमात्र निर्माण गर्नु पर्ने र पुराना भवन संरचनाहरुलाई नियमित गर्ने नीति कडाइका साथ पालना गर्नु पर्ने, घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने, घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जानुपर्ने देखिन्छ ।

## घ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्था:**

हाल यस शीर्षकमा नगरपालिकाले सरकारी सम्पत्तिको वहालबाट प्राप्त गरिने आयको विषयमा अभिलेखीकरण गरेको पाईदैन ।

सम्भावना:

यस नगरपालिकाको स्वामित्वमा रहेका निम्न भौतिक सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्यांक उपलब्ध नभएकाले आगामी आ.व.हरुमा जेसीबी र प्रोजेक्टरबाट पनि देहायको तालिका ७ अनुसारको आय प्रक्षेपण गरिएको छ ।

**तालिका ७: सम्पत्तिको वहालबाट प्राप्त हुन सक्ने आय**

| क्र.सं. | स्वामित्वमा रहेको सम्पत्ति | अनुमानित आय |
|---|---|---|
| 1 | जेसीबी | **350,000** |
| 2 | प्रोजेक्टर | **75350** |
| | जम्मा | 425,350 |

**सुधारका पक्षहरू:**

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिकोबहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने।
- नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने।

## परिच्छेद चार-आय संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

### ४.१ राजस्व परिचालन सम्बन्धी नीति

यस नगरपालिकाले राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा हालसम्म निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको छ :

- नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइएको छ ।
- नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइएको छ ।
- नगरपालिकाको आर्थिक क्षमता बढाउनका लागि नगरक्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति लिइएको छ ।
- तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइएको छ ।
- राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउनका लागि नगरपालिका तथा वडा कार्यालयबाट राजस्व संकलन गर्ने व्यवस्था गरिएको छ ।
- नगरपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि शुत्र सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिएको छ ।
- सम्पत्ति कर लागू गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखासँग आवद्ध गरी राजश्व संकलन कार्यलाई अझ प्रभावकारी बनाईनेछ ।
- उधोगी व्यवसायीसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायीलाई करको दायरामा ल्याईनेछ ।
- बार्षिक रु. एक लाखभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिई घरदैलो सेवा उपलब्ध गराईने नीति अवलम्बन गरिनेछ ।

- कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न बार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढि संकलन भएको रकमबाट नगर कार्यपालिकाको निर्णयानुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ ।

- नक्सा पास (घर अभिलेखिकरण) नभई बनेका घरहरुलाई व्यवस्थित गर्न केहि समयको लागि नक्सा पास दस्तुर छुट गरी सबै निर्मित घरहरुको नक्सा पास गराउने नीति अबलम्बन गरिने छ ।

- नगर क्षेत्रमा पटके पसल एवं बजार तथा पोखरी लगायत अन्य सार्वजनिक सम्पत्ति नगरपालिका वाहेक अन्य संघ संस्था तथा निकायहरुले पनि ठेक्का बन्दोवस्त गरीरहेकोमा सो लाई पूर्ण रुपमा रोकी सम्पूर्ण प्रकृया पूरा गरी आम्दानी रकम नगरपालिकामा प्राप्त हुने गरी एकद्वार प्रणालिबाट राजस्व परिचालन गरिने व्यवस्था सुनिश्चित गरिने छ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

नगरपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रहि आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि नगरपालिका उप प्रमुख शोभा देवी साहको संयोजकत्वमा देहाय वमोजिमको ५ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको भएपनि विवरण उपलब्ध गराइएको छैन ।

**तालिका ८: राजस्व परामर्श समिति**

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| 1 | शोभा देवी साह | उपाध्यक्ष | संयोजक |
| 2 | रामदरश यादव | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| 3 | | | सदस्य |
| 4 | | | सदस्य |
| 5 | | | सचिब |

यस राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगरसभा समक्ष पेस गरी नगरपालिकाको संवैधानिक व्यवस्थाको आधारमा कार्यान्वयन गर्ने गरेको छ ।

नगरपालिकाको नीति तथा कार्यक्रमहरुमा राजस्व सम्बन्धमा लिइएका नीति देहायअनुसार रहेका छन्:

- मिथिला बिहारी नगरपालिकाको सम्बृद्धिका लागि विज्ञान र प्रविधिकोक्षेत्रबाट प्राप्तहुनसक्ने लाभ, अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रलाई संख्यात्मक तथा गुणनात्मकविकास गरिनेछ ।

- पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गरिनेछ । मिथिला बिहारी मन्दिर र परशुरामतलाउलाई आकर्षक गन्तव्यको रुपमा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न जोड दिइनेछ ।

- मिथिला बिहारी नगरपालिका समृद्धिको लागि सार्वजनिक, नीति र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

- औद्योगिक क्षेत्रमा बाहिरी लगानी बढाउन आवश्यक नीतिगत, कानूनी, प्रशासनिकतथा आर्थिक सुधारका प्रयासहरुअवलम्बन गरिनेछ ।

- मिथिला बिहारी नगरपालिका वितिय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिबृद्धि गनिरेछ । नगरपालिका मातहतका संरचनाहरुमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था गरिनेछ ।

## ४.३ आन्तरिक आय परिचालन

नगरपालिकाको विगत बर्षहरुको आय परिचालनको अवस्था तलको तालिका ९ मा दिईएको छ । नगरपालिकाले गत आर्थिक वर्षमा विविध प्रकारका शिर्षकहरुबाट राजस्व संकलन गरेको थियो । गत आ.व.हरु ०७६/०७७, ०७७/०७८ तथा ०७८/०७९ को यथार्थ संकलन तथा चालु आ.व. ०७९/०८० को प्रस्तावित आयको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ९: नगरपालिकाको राजस्व संरचना**

| सि.नं. | आय शीर्षक | ०७६/७७ को यथार्थ | ०७७/७८ को यथार्थ | ०७८/०७९ को यथार्थ | ०७९/८० को प्रस्तावित आय | वृद्धि दर (%) |
|---|---|---|---|---|---|---|
| 1 | **आन्तरिक श्रोत** | 8,000,000 | 5,620,000 | 6,000,000 | 6,000,000 | |
| | **जम्मा** | | | | | |

स्रोत: मिथिला विहारी नगरपालिका, २०८०

माथिको तालिका ९ अनुसार आन्तरिक राजश्वको आ.व. ०७६/७७ र ०७८/७९ लाई तुलना गर्दा **आन्तरिक राजश्व ऋणात्मक वृद्धिदर (13=40%)**[2] देखिएको छ । साथै यस नगरपालिकाको आय संरचना हेर्दा माथि उल्लेख गरिएअनुसार आन्तरिक आयको हिस्सा निकै कमजोर देखिन्छ र नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान र कार्यक्रम बापतका रकम नै रहेको देखिन्छ । यसरी वार्षिक वृद्धिदर उत्साहित देखिए पनि स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार सहितका विविध आन्तरिक आयका राजश्व तथा गैह्र राजश्वका श्रोतहरु परिचालन गर्नुपर्ने देखिन्छ ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

राजश्व प्रशासनको तथा नीतिगत सवालहरुलाई प्रष्ट पार्न नगरपालिकाको राजश्व प्रशासन र नीतिगत व्यवस्थालाई संठनात्मक व्यवस्था, राजश्व प्रशासन संचालनको अवस्था र सुचना तथा समन्वयको अवस्थाका आधारमा विश्लेषण गरिएको छ । यस नगरपालिकाको राजश्व प्रशासनको वर्तमान अवस्थालाई देहाय बमोजिम प्रष्ट पारिएको छ ।

**क) संगठनात्मक व्यवस्था** :मिथिला विहारी नगरपालिकाले राजश्व प्रशासनलाई चुस्त र प्रभावकारी वनाउन गरेको प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| **क्षेत्रहरु** | **हालको अवस्था** | सुधारका लागि चाल्नु पर्ने कदम |
|---|---|---|
| राजश्व शाखाको व्यवस्था संगठन संरचना | छ सहायक | |

[2] CAGR Calculator - Calculate Compound Annual Growth Rate Online

| | | |
|---|---|---|
| | पाँचौं | |
| राजश्व शाखामा कुन तहका दरवन्दी, र हालको पदपूर्तिको अवस्था | छैन | संगठनात्मक व्यवस्थापन सर्वेक्षण गरी तह, दरवन्दी र पदपूर्तिको अवस्था यकिन गर्ने । |
| राजश्व शाखाले गर्ने कामका लागि कार्यविवरण | छ | |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको | छ | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था | छ | |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवेयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छ | |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको प्रयास | छैन | राजश्व परिचालन सम्बन्धी क्षमता अभिबृद्धि तालिमको आवश्यकता भएको । |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी | छ | |

### ख) राजश्व प्रशासन संचालनको अवस्था

| **क्षेत्रहरु** | **हालको अवस्था** | सुधारका लागि चाल्नु पर्ने कदम |
|---|---|---|
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था(कर अभिलेख आवश्यक पर्ने– सम्पत्ति, व्यवसाय, सवारी साधन, वहाल आदि ) | छ | |
| नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन | छैन | चल अचल सम्पत्तिको लगत संकलन तथा अभिलेखीकरण गर्ने साथै उक्त सम्पत्तिहरुको मूल्यांकन गरि परिचालन गर्ने । |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा कारोवारको मूल्यांकन भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | छैन | नगरपालिकाको सबभन्दा दरिलो आन्तरिक आयको श्रोतको रुपमा रहेको सम्पत्ति कर पहिला नीति तथा कार्यविधि बनाई शिघ्र कार्यान्वयन गर्नुपर्ने । कर निर्धारण नभएको अवस्था । |
| चुहावटको नियन्त्रण गर्ने व्यवस्था छ ? | छैन | सफ्टवेयरमा आधारित तथा डिजिटाईज्ड कर प्रणाली, नियमित अनुगमन गर्ने, दण्ड पूरस्कार प्रणाली कार्यान्वयन गर्ने । |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था छ ? | छैन | दण्ड जरिवाना पनि गैह्र राजश्वको श्रोत भएकाले सो को पनि कार्यान्वयन गर्नुपर्ने । |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छैन | कर सम्बन्धी सचेतना अभिबृद्धि, तथा नगरसभाबाट व्यवस्था पास गर्ने र कार्यान्वयन गर्ने । |

| | | |
|---|---|---|
| करदाताहरुलाई कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था छ ? | छैन | आमसञ्चारका माध्यम, घुम्ती सचेतना, पोष्टरिङ्ग तथा प्याम्प्लेटिङ्ग गर्ने । |
| नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा उजुरी गर्नेसक्ने व्यवस्था छ ? | छैन | नगरपालिकामा गुनासो सुनुवाई सम्पर्क विन्दुको स्थापना गर्ने । |

ग) सूचना तथा समन्वयको अवस्था

| **क्षेत्रहरु** | **हालको अवस्था** | सुधारका लागि चाल्नु पर्ने कदम |
|---|---|---|
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिने कार्य गरिएको छ ? | छैन | आमसञ्चारका माध्यम, घुम्ती सचेतना, पोष्टरिङ्ग तथा प्याम्प्लेटिङ्ग गर्ने । |
| (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | छैन | आमसञ्चारका माध्यम, घुम्ती सचेतना, पोष्टरिङ्ग तथा प्याम्प्लेटिङ्ग गर्ने । |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता छ ? | छैन | करदाताहरुलाई अभिमुखीकरण तथा सरोकारवालाहरुसँग वैठक आदि आयोजना गर्ने । |
| राजश्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता छ ? (बैठक संख्या, निर्णयहरु आदि) | छैन | नियमित वैठक सञ्चालन गर्ने, राजश्व अनुगमन नियमित गर्ने तथा वैठक निर्णयहरुको शिघ्र दस्तावेजीकरण गर्ने नीति तथा कार्यविधिको रुपमा निर्माण गर्ने । |
| राजश्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था छ ? | छैन | आमसञ्चारका माध्यम, घुम्ती सचेतना, पोष्टरिङ्ग करदाताहरुलाई अभिमुखीकरण तथा सरोकारवाला हरु सँग वैठक प्याम्प्लेटिङ्ग गर्ने । |
| राजश्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग छ ? | छैन | शाखाहरुको कार्यविवरणमा अन्तरशाखा समन्वयको व्यवस्था गर्ने तथा यसलाई नगरकार्यपालिका तथा वडा कार्यालयहरुमा वैठक तथा अभिमुखीकरण मार्फत सामाजिकीकरण गर्ने । |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था छ ? | छैन | वार्षिक रुपमा रातो किताब, पूर्ण बजेटको पाठ तथा आय व्ययका विवरणहरु तयारी तथा प्रकाशन गर्ने । साथै नियमित रुपमा वेवसाईटमा प्रकाशन गर्ने । |
| नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ ? | छैन | वार्षिक रुपमा रातो किताब, पूर्ण बजेटको पाठ तथा आय व्ययका विवरणहरु तयारी तथा प्रकाशन गर्ने । साथै नियमित रुपमा वेवसाईटमा प्रकाशन गर्ने । |

# परिच्छेद पाँच-राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्वमा सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा नगरपालिकाको आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ राजस्व सुधार कार्ययोजना

यस अध्ययनबाट देखिएका राजस्वका संभावनाहरुलाई कार्यान्वयन गरी नगरपालिकाको राजस्वमा सुधार ल्याउनको लागि देहाय वमोजिमका सुधार कृयाकलापहरु संचालन गर्न प्रस्ताव गरिएको छ ।

**तालिका १३: राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| कर तथा गैह्र कर राजस्व | | | |
| सम्पत्ति कर | • सम्पत्ति कर सम्बन्धी नीति तथा कार्यविधि तयार गर्ने<br>• वडा कार्यालयबाट समेत कर लिन सक्ने अवधारणा अनुसार नेटवर्किङमा आधारित वेभवेस्ड सफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने ।<br>• सम्पत्तिको यथार्थ विवरण संकलन नियमित अद्यावधिक गर्ने<br>• सम्पत्तिको मूल्याङकनको आधारमा कर को दर निर्धारण गर्ने | २०८१/८२ असार मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, नगर सभा |
| व्यवसाय रजिष्ट्रेसन तथा नविकरण दस्तुर कर तथा व्यवसाय कर | • उद्योग वाणिज्य संघसँग समन्वय गरी व्यवसायीहरुको वर्गीकरण गर्दै व्यवसायको प्रकृति हेरी करको दायरामा ल्याउने<br>• नगरभित्र रहेका व्यवसायीहरुको तथ्यांक लिने र अद्यावधिक गर्ने(फिल्ड अनुगमन गरी)<br>• व्यवसायीहरुलाई कर सम्वन्धी १ दिने अभिमुखीकरण आयोजना गर्ने<br>• दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा मा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने<br>• निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने<br>• कर छुट तथा सहुलियतको व्यवस्था गर्ने<br>• अनलाईन भुक्तानिको व्यवस्था मिलाउने | आ.व. २०८०/८१ चैत्र मसान्त भित्र | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | • वडा वडामा कर शिविर संचालन गर्ने ।<br>• रजिष्ट्रेशन गर्नुपर्ने संघसंस्थाहरुको विवरण संकलन गर्न वडा वडामा शिविर संचालन गर्ने र त्यहि शिविरमा व्यवसाय रजिष्ट्रेसन गरि प्रमाण पत्र दिने ।<br>• प्रकृति अनुसार वर्गिकरण कर दर्ता तथा नविकरण दस्तुर निर्धारण गर्ने । | | |
| घर वहाल कर | • घरधुरी संकलन तथा नम्वरीङ गर्ने<br>• घर भाडामा लगाएका घरहरु पहिचान गरी सूचिकृत गरी करको दायरामा ल्याउने ।<br>• घर तथा जग्गाको न्यूनतम वहाल दर निर्धारण गर्ने । | आ.व. २०८०/८१ कार्तिक मसान्त भित्र | राजस्व परामर्श समिति, राजस्व उपशाखा |
| वहाल विटौरी शुल्क | • सरकारी जग्गाहरु, सरकारी जग्गामा बनेका संरचनाको अभिलेख तयार गरी वार्षिक ठेक्का लगाउने ।<br>• लालपुर्जा तथा आवश्यक कागजात नभएको जग्गामा निर्माण भएको संरचनाको विवरण संकलन गर्ने । | आ.व. २०८०/८१ फाल्गुण मसान्त भित्र | राजस्व परामर्श समिति, कार्यपालिका |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | • सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ।<br>• मूल्यांकन शुल्क दर पुनरावलोकन गर्ने ( वैदेशीक र वैकिंङ प्रयोजन को रुपमा वर्गिकरण) । | आ.व. २०८१/८२ मंसीर मसान्त भित्र | राजस्व परामर्श समिति संयोजक, राजस्व उपशाखा |
| पर्यटन सेवा शुल्क | • भगवान राम र सीता माताको ठाउँ भई धार्मिक पर्यटन विकासको प्रचुर सम्भावना बोकेको धार्मिक मठमन्दिर तथा स्थलहरुको विकास तथा विस्तार गरि विकास तथा पर्यटकीय सेवाहरुको व्यवस्थापन गरि सेवा शुल्क लगाउने ।<br>• स्थानिय ,राष्ट्रिय तथा अन्तराष्ट्रिय नागरिकहरुलाई फरक फरक शुल्क निर्धारण गर्ने । | आ.व. २०८०/८१ जेष्ठ मसान्त भित्र | राजस्व उपशाखा, प्रशासन शाखा, कार्यपालिका |
| मनोरञ्जन कर | • विभिन्न किसिमका मनोरञ्जनका क्रियाकलापहरुको संचालन गरेवापत दर्ता नविकरण प्रवेश शुल्क को निर्धारण | आ.व. २०८२/८३ भदौ मसान्त भित्र | राजस्व उपशाखा, प्रशासन शाखा, कार्यपालिका |
| नक्सा पास तथा अभिलेखीकरण दस्तुर | • नक्सापास प्रकृयालाई मापदण्ड बनाई कार्यान्वयन गर्ने<br>• सेवामुलक संस्थाहरुलाई केहि सहुलियत | आ.व. २०८१/८२ वैशाख मसान्त भित्र | पूर्वाधार विकास शाखा |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | प्रदान गर्ने<br>● भवनको वर्गिकरण अनुसार कर को शुल्क निर्धारण गर्ने | | |
| | ● नियमित अनुगमन र दण्ड जरिवाना लगाउने व्यवस्था गर्ने । | निरन्तर | पूर्वाधार विकास शाखा, राजस्व उपशाखा |
| पार्किङ शुल्क | ● पार्किङ स्थल पहिचान गर्ने ।<br>● प्राथमिकताको आधारमा पार्किङ स्थलहरुको डिजाईन र निर्माण गर्ने<br>● पार्किङ असुली विधि तय गर्ने साथै त्यहि अनुरुप पार्किङ शुल्क निर्धारण गर्ने | आ.व. २०८०/८१ श्रावण मसान्त भित्र | पूर्वाधार विकास शाखा, राजस्व उपशाखा |
| अन्य कर, दस्तुर तथा सेवा शुल्क | ● नीति बताउने,सेवाको वर्गीकरण गर्ने ।<br>● सेवा प्रदान गर्दा अनिवार्य सम्पत्ति करको विल भरपाई पेश गर्नुपर्ने व्यबस्था गर्ने ।<br>● जग्गाको अव्यवस्थित खण्डिकरण रोक्ने, दण्ड जरिबाना तथा थप शुल्क लिने ।<br>● कल कारखाना, होटल व्यावसाय तथा स्वास्थ्य क्लिनीकहरुबाट वातावरणमा पारेको नकारात्मक प्रभावको आधारमा मापदण्ड बनाई थप सेवा शुल्क लिने ।<br>● प्राकृतिक श्रोत तथा बन जन्य बस्तुको बिक्री तथा निकासीमा करको सम्भाव्यता हेरी प्रदेश सरकारसँगको समझदारीमा संचालन गर्ने । | आ.व. २०७९/८० देखि २०८२/८३ भित्र | राजस्व परामर्श समिति |
| **ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | |
| सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन | नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुहरुको अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्बर्द्धन गर्ने, सो को परिचालन संभाव्यता अध्ययन गर्ने । | आ.व. २०८०/८१ देखि २०८२/८३ भित्र | प्रमुख प्रशासकीय अधिकृत, पूर्वाधार विकास शाखा, तथा वडा कार्यालयहरु |
| नगरपालिकाले निर्माण गरेका उद्यान, पार्कहरुको व्यवस्थापन | निर्माण, मर्मत, सुधार /नयाँ उद्यान र पार्क निर्माण गर्ने । | निरन्तर रुपमा | पूर्वाधार विकास शाखा, नगरपालिका र उद्योग वाणिज्य संघ |
| सार्वजनिक जग्गाको उपयोग ( सरकारी जग्गा, भवन) | सटर निर्माण गरी व्यापारी प्रयोजनमा भाडामा दिने र फुल नर्सरी गर्ने । | आ.व. २०८०/८१ देखि २०८२/८३ भित्र | पूर्वाधार विकास शाखा, नगरपालिका |
| सार्वजनिक निजी साझेदारी | ● हाल देखिएका सम्भावित क्षेत्रहरु: फोहर मैला व्यवस्थापन, बैकल्पिक उर्जा, बस | निरन्तर | नगरपालिका प्रमुख तथा नगरपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | संचालन र थप अन्य क्षेत्रहरुको विस्तृत अध्ययन गर्ने<br>● निजी क्षेत्र सँग अन्तरक्रिया र खाका तयार गर्ने<br>● नीति तर्जुमा तथा योजना तयारी गर्ने<br>● प्रस्ताव आह्वान तथा कार्यान्वयन गर्ने | | |
| कृषि व्यवसायी | ● पहिचान, संकलन, व्यवस्थापन गर्ने । | आ.व. २०८०/८१ चैत्र मसान्त भित्र | कृषि शाखा तथा नगरपालिका |
| निजी विद्यालय | ● करको दायरामा ल्याउन नीति निर्माण गर्ने | १ वर्ष | शिक्षा शाखा तथा नगरपालिका |
| **ग. राजस्व प्रशासन** | | | |
| नीतिगत व्यवस्था | ➢ राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐनको समयानुकुल परिमार्जन तथा अन्य आवश्यक कार्यविधि तयार गरि नगर सभाबाट पास गर्ने ।<br>➢ पुरस्कार र दण्डको व्यवस्था गर्ने । | आ.व. २०८०/८१ असार मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत तथा नगर सभा |
| सांगठनिक व्यवस्था | ➢ राजस्व बिज्ञको अल्पकालिन सेवा लिने<br>➢ राजस्व शाखाको स्थापना गरी दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,<br>➢ क्षमता बिकास र प्रविधीको उपयोग गर्ने ।<br>➢ राजस्व प्रशाासन शाखा तथा वडा कार्यालयका लागि आवश्यक भौतिक सुविधाहरु (कार्य स्थल, फर्निचर, कम्प्युटर, सफ्फट्वेयर आदी) मा बृद्धि गर्ने । | २०८० असार मसान्त सम्म | राजस्व परामर्श समिति, प्रशासन शाखा |
| राजस्व संकलन तथा अभिलेख | ➢ राजस्व अभिलेखमा नयां वडाहरु समेतको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>➢ राजस्व प्रशासनमा सबै सेवाहरु सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | आ.व. २०८०/०८१ असार मसान्त भित्र | केन्द्र सरकार र कार्यपालिका |
| सूचना तथा पारदर्शिता | ➢ सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने । नगरपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने । | मासिक रुपमा | प्रमुख प्रशासकीय अधिकृत, वडा सचिवहरु |
| प्रविधि/स्रोत साधन | ➢ छिटो छरितो रुपमा कार्य सम्पादन गर्न आधुनिक प्रविधिकको प्रयोग गर्ने। (Software, Control Mechanism, Automatic System, Internet, Record maintain and GIS System) | आ.व. ०७९/०८० जेष्ठ मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत /शाखा प्रमुखहरु |
| जनशक्ति | ➢ उपलब्ध जनशक्तिको क्षमता बिकास<br>➢ कर्मचारी थप गर्ने | आ.व. ०८०/०८१ | प्रमुख प्रशासकीय अधिकृत/शाखा |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | | श्रावण मसान्त सम्ममा | प्रमुखहरु |
| जनचेतना/प्रचार प्रसार | ➢ राजस्व संकलनको लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने र सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्ने । | निरन्तर | सुचना तथा सञ्चार प्रविधि शाखा /शाखा प्रमुखहरु |
| पारदर्शिता | ➢ संकलन गरिएका राजस्व रकम पारदर्शी ढंगबाट आय/व्यय विवरण राख्ने व्यवस्था गर्ने<br>➢ नियमन र अनुगमन प्रत्यक चौमासिकमा आय ब्यायको सार्वजनिककरण गर्ने । | निरन्तर | सुचना तथा सञ्चार प्रविधि शाखा, राजस्व शाखा तथा वडा समितिहरु |
| अनुगमन | ➢ अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>➢ निर्धारित दर अनुसार राजस्व संकलन भए नभएको<br>➢ नगरपालिकाले लिएको नीति अनुसार कार्य भए नभएको<br>➢ कर असुली प्रकृया सरलिकृत तथा न्यायोचित भए नभएको | - प्रत्येक तीन महिनामा | उपाध्यक्ष, कार्यपालिका |
| समिक्षा तथा प्रोत्साहन | ➢ प्रत्यक चौमासिक रुपमा आय ब्यायको सार्वजनिककरण गर्ने र कार्यपालिका बैठकमा समिक्षा गर्ने ।<br>➢ प्रत्येक छ महिनामा कर्मचारी सहित समिक्षा गर्ने ।<br>➢ बार्षिक रुपमा करदाताहरु सम्मिलित अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।<br>➢ करदातालाई सम्मान गर्ने (बढि कर तिर्नेलाई)<br>➢ राम्रो काम गर्ने जनप्रतिनिधी तथा कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरि प्रोत्साहन दिने) | निरन्तर<br>वार्षिक रुपमा (नगरसभा गर्ने दिनमा) | नगरपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा कार्यपालिका |

# परिच्छेद छ-आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा नगरपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी ३ वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । यसले नगरपालिकाको आय वजेट तर्जुमा गर्न सहयोग पुग्ने छ ।

## ६.१ राजस्व सुधार कार्ययोजनाको आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई यस नगरपालिकाले संकलन गर्ने आगामी तीन आर्थिक वर्षहरू (आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्म) को आयको सम्भाव्यता लाई प्रक्षेपण गरिएको छ । यो आय अनुमान गर्दा राजस्व सुधार कार्ययोजनामा योजना गरिएका कृयाकलापहरूको आधारमा तयार गरिएको हो । नगरपालिकाले यस प्रक्षेपणलाई भविष्यमा वार्षिक बजेट अनुमानको क्रममा मार्गदर्शनको रूपमा लिन सक्दछ । राजस्व सुधार कार्ययोजनाको आधारमा रहेर आय प्रक्षेपण देहाय अनुसारका मान्यताहरूका आधारमा तयार पारिएको हो :

- नगरपालिकामा राजश्व सुधार योजना लागु भए सँगै आय संकलनको आधार (करको दायरा) स्वतः विस्तार भएको हुने ।
- राजस्व सुधार कार्ययोजना कार्यान्वयन भए पश्चात्त नगरपालिकाको राजस्व प्रशासनमा सुधार आउने ।
- राजस्व प्रशासनमा सुधार आउनुले राजस्व संकलन प्रभावकारी हुने ।

**तालिका १४: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपणका आधार**

| राजस्व संकेत | राजस्व शिर्षक | कुल सम्भाव्यता (आ.व. ०७९/८०) | आय प्रक्षेपणका आधारहरू | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| 11313 | सम्पत्ति कर | 2720000 | कुल सम्भावनाको २५ प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | 680000 |
| 11314 | मालपोत वा भूमिकर | 500000 | कुल सम्भावनाको २५ प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | 125000 |
| 11321 | घरवहाल कर (व्यावसायिक) | 14060000 | कुल सम्भावनाको ४५ प्रतिशत र त्यसपछिका दुई आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | 6327000 |
| | घरवहाल कर (आवासिय) | 1403000 | | 350750 |
| 11611 | व्यवसाय कर | 329000 | कुल सम्भावनाको 45 प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | 148050 |

| | | | | |
|---|---|---|---|---|
| 11322 | वहाल विटौरी | 1000000 | कुल सम्भावनाको २5 प्रतिशत र त्यसपछिका आ.व.मा १०० प्रतिशतले बढ्दै जाने | 250000 |
| 11472 | विज्ञापन कर | 300000 | कुल सम्भावनाको २5 प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | 75000 |
| 14242 | नक्सा पास दस्तुर | 14351250 | कुल सम्भावनाको ३५ प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतका दरले बढ्दै जाने | 5022937.5 |
| 14242 | अभिलेखीकरण दस्तुर | 956750 | | 334862.5 |
| | सम्पत्ति वहाल | 425350 | पछिका आ.व.मा ५ प्रतिशतका दरले बढ्दै जाने | 425350 |
| | **जम्मा** | **21985350** | | **7411950** |
| | संघीय राजस्व बाँडफाँड | 87980000 | आ.व. ०७६।७७ लाई आधार मानी आ.ब. २०८०।०८१ का लागि प्राप्त सिलिङ्ग, त्यसपछि क्रमशः ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | 92379000 |
| | प्रदेश राजस्व बाँडफाँड | 3000000 | | 3150000 |
| | **वित्तिय हस्तान्तरण अनुदान** | | | |
| | **संघीय सरकार** | | | |
| | सर्शत अनुदान चालु | 177400000 | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | 186270000 |
| | वित्तिय समानिकरण अनुदान | 124200000 | | 130410000 |
| | विशेष अनुदान चालु | 0 | | 0 |
| | **प्रदेश सरकार** | **0** | | **0** |
| | सर्शत अनुदान चालु | 0 | आ.ब. २०७८।७९ माप्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | 0 |
| | वित्तिय समानिकरण अनुदान | 8817000 | | 9257850 |
| | विशेष | 3000000 | | 3150000 |
| | समपुरक अनुदान चालु | 2000000 | | 2100000 |
| | | | | 0 |
| | **जम्मा** | **315,417,000** | **जम्मा** | **331,187,850** |

**श्रोतः मिथिला विहारी नगरपालिका, २०८०**

उपरोक्त तालिका १४ मा राजस्व सुधार कार्ययोजनाको आधारमा चालु आ.व.०७९/०८० लाई आधार वर्ष मानी प्रक्षेपण गर्दा आन्तरिक र वाह्य शिर्षकबाट **रु. 315,417,000** कुल सम्भाव्यता देखिन्छ भने आगामी आ.व.

०८०।८१, आ.व. ०८१।८२, आ.व. ०८२।८३ सम्ममा सो आयकोस्तर **रु. 331,187,850** हुने अनुमान प्रक्षेपण गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ ।

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

उल्लेखित तालिकामा आ.व २०७८।०७९ मा नगरपालिकाले गरेका आन्तरिक तथा बाह्य आय प्रक्षेपण तथा नगरपालिकाका राजश्व संकलनका दायराहारुको विश्लेषण र केन्द्र सरकार, प्रादेशिक सरकार र स्थानिय सरकारका आम्दानीका श्रोतहरु साथै नगरपालिकाका आम्दानीका क्षेत्रहरु, स्थलगत निरिक्षण, नगरपालिकाद्धारा प्रकाशन गरिएका बजेट, नीति तथा कार्यक्रमका साथसाथै कार्यशाला गोष्टीमा प्राप्त जानकारीको आधारमा आगामि तीन बर्षहरुको नगरपालिकाको आय प्रक्षेपण गरिएको छ ।

यस क्रममा आ.व. २०७९।८० लाई आधार वर्ष मानी सो को कुल संभाव्यताको आधारमा गरिएको प्रक्षेपित आयमा आन्तरीक तर्फ आगामी तीन वर्षमा वार्षिक ६.५३ प्रतिशतले वृद्धि हुने साथै नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, बाडफाँड रकम आदिमा वार्षिक ५ प्रतिशतले वृद्धि हुने लक्षका साथ आगामी ३ आर्थिक बर्षको नगरपालिकाको आय संरचना प्रस्तुत गरिएको छ ।[3]

**तालिका १५: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण**

| राजस्व संकेत | राजस्व शिर्षक | कुल सम्भाव्यता (आ.व. ०७९/८०) | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
|---|---|---|---|---|---|
| 11313 | सम्पत्ति कर | 2720000 | 680000 | 714000 | 749700 |
| 11314 | मालपोत वा भूमिकर | 500000 | 125000 | 131250 | 137813 |
| 11321 | घरवहाल कर (व्यावसायिक) | 14060000 | 6327000 | 6643350 | 6975518 |
| | घरवहाल कर (आवासिय) | 1403000 | 350750 | 368288 | 386702 |
| 11611 | व्यवसाय कर | 329000 | 148050 | 155453 | 163225 |
| 11322 | वहाल विटौरी | 1000000 | 250000 | 500000 | 750000 |
| 11472 | विज्ञापन कर | 300000 | 75000 | 78750 | 82688 |
| 14242 | नक्सा पास दस्तुर | 14351250 | 5022937.5 | 5274084 | 5537789 |
| 14242 | अभिलेखीकरण | 956750 | 334862.5 | 351606 | 369186 |

[3]यस नगरपालिका भित्र धनी र गरिबी अन्तर गहिरो देखिनुका बाबजुद पनि आन्तरिक आयमा प्रशस्त सम्भावना भएको तर योजनाबद्ध रुपमा आय परिचालन नहुनु र क्षमता विकासमा अभावको अवस्थाका साथै बाह्रय श्रोत र अनुदानमा भरपर्नुपर्ने भएकाले सर्पजस्तो घस्रने नीतिलाई आत्मसात गर्दै आन्तरिक आयहरुलाई निरन्तरता दिँदै वाह्य आयको साथ लिंदै नगरपालिकालाई आत्मनिर्भर बनाउन औचित्यपूर्ण अनुमानको आधारमा आन्तरिक आयमा ६.५३% बृद्धि र बाह्य अनुदानमा ५% का दरले बृद्धिको रुपमा आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको हो ।

| | | | | | |
|---|---|---|---|---|---|
| | दस्तुर | | | | |
| | सम्पत्ति वहाल | 425350 | 425350 | 446618 | 468948 |
| | **जम्मा** | **21985350** | **7411950** | **14663398** | **15621567** |
| | संघीय राजस्व बाँडफाँड | 87980000 | 92379000 | 96997950 | 101847847.5 |
| | प्रदेश राजस्व बाँडफाँड | 3000000 | 3150000 | 3307500 | 3472875 |
| | **वित्तिय हस्तान्तरण अनुदान** | | | | |
| | **संघीय सरकार** | | | | |
| | सर्शत अनुदान चालु | 177400000 | 186270000 | 195583500 | 205362675 |
| | वित्तिय समानिकरण अनुदान | 124200000 | 130410000 | 136930500 | 143777025 |
| | विशेष अनुदान चालु | 0 | | | |
| | **प्रदेश सरकार** | **0** | | | |
| | सर्शत अनुदान चालु | 0 | | | |
| | वित्तिय समानिकरण अनुदान | 8817000 | 9257850 | 9720742.5 | 10206779.63 |
| | विशेष | 3000000 | 3150000 | 3307500 | 3472875 |
| | समपुरक अनुदान चालु | 2000000 | 2100000 | 2205000 | 2315250 |
| | | | 0 | 0 | 0 |
| | **जम्मा** | **315,417,000** | **331,187,850** | **347,747,243** | **365,134,605** |


**श्रोत: मिथिला विहारी नगरपालिका, २०८०**

# परिच्छेद सात–अपेक्षित नतिजा

यो कार्ययोजना प्रतिवेदनमा बदलिंदो परिवेश अनुसार राजस्व परिचालनका क्षेत्रमा गर्नुपर्ने कृयाकलापहरूको पहिचान र योजनाका साथमा आगामी आर्थिक तीन वर्षहरूमा संकलन हुन सक्ने राजस्वको प्रक्षेपण गरिएको छ ।

यस राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात तलको तालिका १६ मा प्रस्तुत गरिएको प्रक्षेपित आय संरचना अनुसार मिथिला विहारी नगरपालिकाको आन्तरिक आयमा आ.व. २०८०/०८१ मा १.७१%, आ.व. २०८१/०८२ मा ३.१७% तथा आ.व. २०८२/०८३ मा ३.२१ % का दरले बृद्धि हुनेछ ।[4]

## रेखाचित्र २: आगामी तीन वर्षको आयको बृद्धिदर प्रक्षेपण




सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात नगरपालिकाको राजस्वमा हुनसक्ने परिवर्तनको अनुमान गरी यो प्रक्षेपण गरिएको छ । यो प्रक्षेपण तयार गर्दा स्थानीय तहको चालु आर्थिक बर्ष २०७९/८० मा अनुमान गरिएका आय शिर्षकहरूलाई मात्र आधार लिइएको छ ।

स्थानीय राजस्वका नयाँ क्षेत्र पहिचान नभएको तथा संघिय सरकार र स्थानीय सरकार वीच र प्रदेश सरकार र स्थानीय सरकार बीच राजस्व बाँडफाँड हुने नयाँ स्रोतहरूको आधार तयार नभएकोले त्यसलाई समावेश गरिएको छैन । त्यसैले भविष्यमा यस नगरपालिकाले राजस्व आयमा उल्लेख गरिए भन्दा बढी आय प्राप्त हुने अवस्था रहेको छ । त्यस बाहेक नयाँ क्षेत्र पहिचान नगरपालिकाले गरेमा पनि त्यो आय थप हुन सक्ने अवस्था रहेको छ ।

**तालिका १६: प्रक्षेपित आय संरचना**

[4]यस नगरपालिका भित्र धनी र गरिबी अन्तर गहिरो देखिनुका बाबजुद पनि आन्तरिक आयमा प्रशस्त सम्भावना भएको तर योजनाबद्ध रुपमा आय परिचालन नहुनु र क्षमता विकासमा अभावको अवस्थाका साथै बाह्रय श्रोत र अनुदानमा भरपर्नुपर्ने भएकाले सर्पजस्तो घस्रने नीतिलाई आत्मसात गर्दै आन्तरिक आयहरुलाई निरन्तरता दिंदै वाह्य आयको साथ लिंदै नगरपालिकालाई आत्मनिर्भर बनाउन औचित्यपूर्ण अनुमानको आधारमा आन्तरिक आयमा ६.५३% बृद्धि र बाह्य अनुदानमा ५% का दरले बृद्धिको रुपमा आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको हो ।

| राजस्व शिर्षक | कुल सम्भाव्यता (आ.व. ०७९/८०) | प्रक्षेपण आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
|---|---|---|---|---|
| | | | | |
| **आन्तरिक श्रोत** | 21985350 | 7411950 | 14663397.5 | 15621567.38 |
| **संघीय राजस्व बाँडफाँड** | 87980000 | 92379000 | 96997950 | 101847847.5 |
| **प्रदेश राजस्व बाँडफाँड** | 3000000 | 3150000 | 3307500 | 3472875 |
| | | | | |
| **वित्तिय हस्तान्तरण अनुदान** | | | | |
| **संघीय सरकार** | 301600000 | 316680000 | 332514000 | 349139700 |
| **प्रदेश सरकार** | 13817000 | 14507850 | 15233242 | 15994904 |
| **जम्मा** | **428382350** | **434128800** | **462716090** | **486076893.9** |
| **नगरपालिकाको आन्तरिक आयमा योगदान (%)** | | **1.71** | **3.17** | **3.21** |

**श्रोतः मिथिला विहारी नगरपालिका, २०८०**

**यस राजस्व सुधार कार्य योजनाको कार्यान्वयन गर्नका लागि नगरपालिकाले राजश्वको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा निम्नानुसारका शिर्षकहरुमा तत्काल जोड दिएको हुनेछ :**

- सम्पत्ति कर
- भुमिकर (मालपोत)
- व्यवसाय कर
- आवासिय तथा व्यावसायिक बहाल कर
- नक्सापास तथा अभिलेखीकरण दस्तुर
- वहाल विटौरी
- सरकारी सम्पत्ति वहाल
- विज्ञापन कर

**उपरोक्त करको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा निम्नानुसार क्रियाकलापहरू सम्पन्न गरेको हुनेछ :**

- वैज्ञानिक सम्पत्ति करको कार्यान्वयन ।
- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजस्व शाखा गठन ।
- तथ्याङ्क संकलन र अद्यावधिक ।

**त्यसैगरी नगरपालिकाले राजस्व बृद्धि एवं करको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा निम्नानुसारका क्रियाकलापहरू कार्यान्वयन गरेको हुनेछ :**

- करदाताहरूलाई अभिमूखीकरण गर्ने तथा करदाताहरूलाई नियमित रुपमा पत्र वा विद्युतिय सूचना प्रेषण ।
- राजस्व परिचालनको लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहित वर्तमान राजस्व शाखालाई थप सुदृढिकरण ।
- राजस्व सम्बन्धी सम्पूर्ण तथ्यांक संकलन र अद्यावधिक ।
- घरवहाल करको प्रगतिशील दर निर्धारण गर्ने साथै बहाल विटौरी करका क्षेत्रहरुको ठेक्का निर्धारण ।

- लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, वैज्ञानिक लेखा प्रणालीको ब्यवस्थापन र स्थिर सम्पत्तिहरूको संरक्षण र परिचालन ।

यसरी यस राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्नलिखित सुझावहरु समेत अवलम्बन गर्नुपर्ने देखिन्छ ।

- नगरपालिकाको कम्प्यूटर सफ्टवेयर प्रणालीमा कर प्रणाली र खर्च प्रणालीलाइ राख्दै राजस्व प्रशासनलाई क्रमशः विकेन्द्रीकरण गर्दै नगरपालिकाको सेवा प्रणालीमा आवद्ध गर्ने र सचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- निजी क्षेत्र र विभिन्न दातृ निकायहरुबाट सञ्चालन गरिने कार्यक्रम र लगानीलाई नगरपालिकाको वहुवर्षिय तथा वार्षिक कार्यक्रमसँग आवद्ध गरी स्रोत परिचालन गर्ने ।
- नगरपालिकाले संचालन गर्दै आएका सम्भाव्य आयोजनाहरुको निर्माण, मर्मत तथा संचालनमा निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने ।
- कर दातालाई Tax Identity Card को व्यवस्था गर्ने ।

**राजस्व अभिबृद्धिका लागि वडागत रुपमा प्राप्त सुझावहरु**

- पिकनिक स्थल तथा पार्क निर्माण गर्ने,
- वडा वासिलाई करको वारेमा जानकारी दिने र नतिर्ने लाइ दण्ड तथा जरिवाना सम्म लगाउने,
- सँग्राहलय स्थापना तथा ऐतिहासिक स्थलहरुको मर्मत संभार गरि बढि भन्दा बढि पर्यटक भित्राउन सकिने,
- तरकारि तथा फलफुल संकलन र दुध संकलन केन्द्र स्थापना गर्न सकिने
- आवास क्षेत्र तथा व्यापारिक क्षेत्रको श्रेणि विभाजन गरि घर बहाल कर उठाउन सकिने,
- व्यवसायीहरुलाई करको दायरामा ल्याई कर तिर्न लगाउने नतिर्नेलाई दण्ड तथा जरिवाना लगाउने

# परिच्छेद आठ–अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार संचालन ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई आगामि ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक बर्षको बैशाख पहिलो हप्तासम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरुकोलागि आवश्यक आधार हुनेछ । राजस्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजस्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षकोलागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनकोलागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन व्यवस्था सिफारिश गरिएको छ ।

**(क) कार्यालय स्तरको अनुगमनः**

यो स्तरको अनुगमन तथा मूल्यांकनकोलागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**(ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः**

राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्य पूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समिक्षा गरिन्छ ।

**(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः**

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरीन्छ ।

**(घ) वाह्य अनुगमन तथा मूल्यांकनः**

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनकोलागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसँग सम्वन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको अनुभुति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ ।

## अनुसूचीहरु

### अनुसूची १ : सन्दर्भ सामग्री संकलन तथा अध्ययन

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४,
- मिथिला विहारी नगरपालिका आ.व.०७६।०७७, आ.व.०७७।०७८,आ.व.०७८।०७९ को योजना, नीति बजेट तथा कार्यक्रम,
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानूनका नमुनाहरूको अध्ययन
- मिथिला विहारी नगरपालिका को आर्थिक ऐन २०७९
- नेपाल सरकारको वजेट वक्तव्य, २०७९/०८०

## अनुसूची २: तथ्यांक/सूचना संकलनका फारम

तथ्याङ्क संकलनफाराम

१. आयका स्रोतहरू तथाहालको अवस्था

| क.सं. | आयकाप्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| १. | भूमि कर (मालपोत) | ✓ | गर्ने | रु x प्रति बिघा (१ बिघा [illegible]) |
| २. | एकीकृत सम्पत्ति कर | ✓ | नगर्ने | ✗ |
| ३. | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | ✓ | ✗ | ✗ |
| ४. | घर जग्गा बहाल कर | ✓ | ✓ | १०% |
| ५. | व्यवसाय कर | ✓ | ✗ | २% ✓ |
| ६. | जडिबुटी, कबाडी र जिवजन्तु कर | ✗ | ✗ | ✗ |
| ख. | अन्य राजस्व | | | |
| १. | ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदिप्राकृतिकएवं खानीजन्य वस्तुको बिक्रीतथानिकासीशुल्क | ✗ | ✗ | ✗ |
| २. | नक्सापास दस्तुर | ✓ | ✓ | ✓ |
| ३. | व्यक्तिगत घटना दर्ता शुल्क | ✓ | ✓ | ✓ |
| ४. | बहाल बिटौरी शुल्क | ✓ | ✗ | ✗ |
| ५. | पार्किङ शुल्क | ✓ | ✗ | ✗ |
| ६. | अस्पताल सञ्चालन | ✓ | ✗ | ✗ |
| ७. | फोहरमैलाव्यवस्थापनशुल्क | ✓ | ✗ | ✗ |
| १. | स्थानीयखानेपानीमहसुल | ✗ | ✗ | ✗ |
| २. | स्थानीयविद्युतमहसुल | ✗ | ✗ | ✗ |
| ३. | केवलकार, ट्रेकिङ, कायाकिङ, क्यानोइङ, जिपफ्लायर, प्याराग्लाइडिङ आदिमनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवाव्यवसायमा सेवाशुल्क | ✗ | ✗ | ✗ |
| ४. | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीयपूर्वाधार तथा सेवामा सेवाशुल्क : खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घाटघाट, सडक, बसपार्क, पुलआदि | ✓ | ✗ | ✗ |
| ५. | मूल्याङ्कन सेवाशुल्क | ✓ | आंशिक | १% (कानुन लागु) |
| ६. | दर्ता, अनुमतिनवीकरण दस्तुर : एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरकाव्यावसायिक फर्म | ✓ | ✓ | ✓ |
| ७. | ढुङ्गा, गिट्टी, बालुवा, नुन माटो, खरिढुङ्गा, स्लेटजस्ता वस्तुको [illegible] उत्खननतथाउपयोग शुल्क | ✓ | ✗ | ✗ |
| ८. | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | ✓ | ✓ | ✓ |
| ९. | दण्ड जरिवाना | ✗ | ✗ | ✗ |

३.स्वामित्वमा रहेकाभवन

| क्र.सं. | स्थान | भवनको विवरण (कोठा समेत) | हालको उपयोग | भाडा बापतको रकम (वार्षिकभएमा) |
|---|---|---|---|---|
| १ | झुलाही | १ कोठे | ✓ | ✗ |
| २ | पुरन्दाहा | ” | ✓ | ✗ |
| ३ | मिठ्ठिलेश्वरी | ” | ✓ | ✗ |
| ४ | रमाली | ” | ✓ | ✗ |
| ५ | गोलिया | ” | ✓ | ✗ |
| ६ | सिरसिया | ” | ✓ | ✗ |
| ७ | तारापट्टी | ” | ✓ | ✗ |

नोट : विवरण लेख्ने ठाउँ अपुगभएमा छुट्टै पानामा लेख्ने ।

४. करमाआधारित सूचनाहरू

क. सम्पत्ति कर सम्बन्धीविवरण

दर्ताभएकाजम्मा करदाता संख्या : ____________

आ.व. २०७३।०७४मा कर तिर्ने करदाता संख्या : ____________ संकलित रकम : ____________

आ.व. २०७४।०७५ मा कर तिर्ने करदाता संख्या : ____________ संकलित रकम : ____________

ख. भवन सम्बन्धीविवरण

| क्र.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमालाएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारिकप्रयोजनकालागिनिर्मित भवन/घरहरू (नोट: व्यापारिककम्प्लेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, शैक्षिकविद्यालयतथाक्याम्पस आदि) | ✗ | ✗ | ✗ |
| २ | औद्योगिकप्रयोजनका भवन/घरहरू | ✓ | ✗ | ✗ |
| ३ | आवासिय भवन/घरहरू | ✓ | ✗ | ✗ |
| ३.१ | कच्ची घरहरू (कच्चीजोडाई तथा छाना) | ✓ | ✗ | ✗ |
| ३.२ | अर्ध कच्ची घरहरू (माटोको जोडाई र कंक्रिट वा टिनको छाना भएका) | ✓ | | |
| ३.३ | पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure) | | | |
| ३.४ | पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure) | | | |
| | जम्मा | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | ढुंगा | ✗ | ✓ | ✗ ✗ |
| | | गिट्टी | ✗ | ✗ | ✗ |
| | | बालुवा | ✗ | ✗ | ✗ |
| २ | | ढुंगा | ✗ | ✗ | ✗ |
| | | गिट्टी | ✗ | ✗ | ✗ |
| | | बालुवा | ✗ | ✗ | ✗ |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

नोट : विवरण लेख्ने ठाउँ अपुग भएमा छुट्टै कागजमा लेख्ने ।

ङ. जडिबुटी, कबाडी र जिवजन्तु (व्यवसायिकउपयोग)

| क.सं. | वस्तुहरू | इकाई | कुल संकलन परिमाण | अनुमानितशुल्क |
|---|---|---|---|---|
| क | जडिबुटी जन्य वस्तुहरू | ✗ | ✗ | ✗ |
| | | | | |
| | | | | |
| ख | कबाडी जन्य वस्तुहरू | ✗ | ✗ | |
| | | | | |
| ग | जिवजन्तु | | | |
| | | | | |

च. बहाल बिटौरी

| क.सं. | सम्पत्तिहरू | स्थान | इकाई | परिमाण | दर |
|---|---|---|---|---|---|
| क | व्यवसायिककोठाहरू | १० | १[illegible] | १० | ✗ |
| | | | | | ✗ |
| ख | जमिनहरू (मिलो, [illegible] मिलो) | १० | ३ | ३० | (✗ [illegible] [illegible]) |
| | | | | | |

| क.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थानवा क्षेत्र | इकाई र परिमाण | सेवाशुल्कको संभावना के छ ? | हालको अवस्था ( आय) |
|---|---|---|---|---|---|
| १७ | शवदाह गृह | ९ | | | |
| १८ | बसपार्क | ✗ | | | |
| १९ | अन्यपार्किङ क्षेत्र | ✗ | | | |
| २० | सिफारिश तथा प्रमाणित | ✓ | | | |
| २१ | दर्ता, अनुमति, नविकरण दस्तुर | ✓ | | | |
| २२ | मूल्यांकन सेवाशुल्क | ✓ | | | |
| २३ | नक्सापास | ✓ | | | |
| २४ | अन्य ............... | ✓ | | | |
| | जम्मा | | | | |

## अनुसुची ३: प्रारम्भिक बैठक तथा अभिमुखीकरणको उपस्थिति विवरण

आज मिति २०८०/०३/१६ गते मिथिला बिहारी नगरपालिका [illegible] अनुसारका प्रमुख / उप-प्रमुख / प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र प्रसाद यादव ज्यू को अध्यक्षतामा सम्पन्न राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक बैठक तथा अभिमुखीकरणमा तपसील बमोजिमको उपस्थितिमा तपसील बमोजिमका निर्णयहरु समेत गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | सम्पर्क नं. | इमेल ठेगाना | ब्राम्हण, क्षेत्री, दलित, जनजाति | [illegible] | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १ | राजेन्द्र प्रसाद यादव | नगर प्रमुख | | | | | |
| २ | शोभा देवी साह | नगर उप प्रमुख | | | | | [illegible] |
| ३ | रामगोविन्द ठाकुर | वडा अध्यक्ष | | | | | [illegible] |
| ४ | सुरेश कुमार मण्डल | " " | | | | | [illegible] |
| ५ | रामकुमार [illegible] | " " | | | | | |
| ६ | प्रदिप यादव | " " | | | | | [illegible] |
| ७ | सुरेन्द्र कुमार मण्डल | " " | | | | | |
| ८ | विमलेश यादव | " " | | | | | [illegible] |
| ९ | संजय कुमार शर्मा | " " | | | | | [illegible] |
| १० | शिवह यादव | " " | | | | | [illegible] |
| ११ | जितेन्द्र यादव | " " | | | | | [illegible] |
| १२ | ललित नारायण झा | " " | | | | | |
| १३ | राम इकबाल राय | कार्यपालिका सदस्य | | | | | [illegible] |
| १४ | नमुनि साह सुडी | " " | | | | | [illegible] |
| १५ | उर्मिला देवी पंडित | कार्यपालिका सदस्य | | | | | उर्मिला |
| १६ | नन्द किशोर साह | " " | | | | | |
| १७ | सुरत अन्सारी | " " | | | | | [illegible] |
| १८ | नारो देवी | " " | | | | | [illegible] |
| १९ | अनिता देवी | " " | | | | | अनिता |
| २० | [illegible] देवी | " " | | | | | [illegible] |
| २१ | राम दरश यादव | प्र. प्र. अ. | | | | | [illegible] |
| २२ | विनोद लाल कर्ण | प्रमु अधिकृत | 9845047333 | | | | [illegible] |
| २३ | नरेन्द्र कुमार झा | इन्जिनियर अधिकृत | | | | | |
| २४ | मुकेश कुमार महतो | सहायक पाँचौं [illegible] | 9804823472 | | | | [illegible] |
| २५ | सुभाष कुमार झा | लेखापाल | 9801637213 | | | | [illegible] |
| २६ | विमलेन्द्र कु यादव | सह - लेखापाल | 9863002757 | | | | [illegible] |
| २७ | सुनिता यादव | महिला विकास अधिकृत | [illegible] | | | | [illegible] |
| २८ | विपुल यादव | जन स्वा. अधिकृत | 9841503243 | | | | [illegible] |
| २९ | ललित यादव | रोजगार संयोजक | 9801687272 | [illegible] | महतो | [illegible] | [illegible] |
| ३० | [illegible] कुमारी सिंह | सहायक महिला विकास | 9844275215 | | | | [illegible] |
| ३१ | सुनैना कुमारी मण्डल | प्रा. स. | 9802196626 | | | | [illegible] |
| ३२ | [illegible] झा | लघु उद्यम | 9804815610 | | | | [illegible] |
| ३३ | ओम नारायण साह | ना. सु. | 9844822180 | | | | [illegible] |
| ३४ | गोविन्द यादव | [illegible] | | | | | |
| ३५ | मुनि मिश्रा | शिक्षिका | 9814860734 | | | | [illegible] |
| ३६ | | | | | | | |
| ३७ | | | | | | | |

**प्रस्तावहरुः**

१. मिथिला विहारी नगरपालिकाको राजश्व सुधार
२. मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी अभिमुखीकरण र कार्यशाला गोष्ठी सम्बन्धमा।
३. बिबिध ।

**<u>निर्णयहरुः</u>**

**निर्णय नं. १.१:** मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने सम्बन्धमा छलफल गरियो साथै विज्ञ परामर्शदाता मार्फत सम्झौतामा तोकिएको समयसीमा भित्रमा क्षमता विकास योजना निर्माण सम्पन्न गर्ने निर्णय गरियो |

**निर्णय नं. १.२:** मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयारीमा आवश्यक सहयोग र समन्वय गर्नका लागि तपशिल बमोजिमका राजश्व सुधार परामर्श कार्यदल गठन गरियो ।

**क. राजश्व सुधार परामर्श कार्यदल**

१. अध्यक्ष प्रमुख अध्यक्ष श्री राजेन्द्र प्रसाद यादव
२. सदस्य उप-प्रमुख श्री शोभा देवी साह
३. सदस्य प्रमुख प्रशासकीय अधिकृत श्री रामचरित्र यादव
४. सदस्य श्री जय राम राउत
५. सदस्य श्री ललित नारायण झा
६. सदस्य श्री खुशबु खातुन
७. सदस्य सचिव राजश्व शाखा प्रमुख श्री विमलेन्द्र यादव

**निर्णय नं.२:** मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयारीका लागि अभिमुखीकरण कार्यशाला संचालन गरि सम्पन्न गरियो। साथै परामर्शदाता कम्पनीका विज्ञ सहजकर्ताहरूलाइ धन्यवाद ज्ञापन गर्दै गाउँपालिकाको राजश्व सुधार कार्ययोजना समयमै तयार गर्न सम्बन्धित विज्ञ समूह लाई पूर्ण सहयोग गर्ने निर्णय समेत गरियो |


**निर्णय नं.३:** मिथिला बिहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण पश्चात कार्यपालिका र नगरसभामा समेत लागि छलफल गर्दै अनुमोदन गर्ने निर्णय गरियो |


मिथिला बिहारी नगरपालिकाको राजश्व
सुधार कार्ययोजना तर्जुमा सम्बन्धि
प्रारम्भिक कार्यशाला गोष्ठी
मितिः २०८० वैशाख १६ गते





**अनुसुची ४: राजश्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी अन्तिम कार्यशाला गोष्ठीको उपस्थिति विवरण**



DATE / /

आज मिति २०८०।०२।२८ गते यस नगरपालिकाका प्रमुख श्री राजेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षता मा मिथिला बिहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण माथि छलफल गर्न तपसील अनुसारको उपस्थितिमा बैठक बस्यो ।

उपस्थिति

हस्ताक्षर

१. नगर प्रमुख - श्री राजेन्द्र प्रसाद यादव

२. नगर उपप्रमुख - श्री शोभा देवी साह

३. प्र. प्र. अ. - श्री रामदरश यादव

४. वडा अध्यक्ष-१ - श्री रामजीवित दह

५. वडा अध्यक्ष-२ श्री सुरेश कुमार मण्डल

६. वडा अध्यक्ष-३ श्री कृष्ण कुमार बसन्त

७. वडा अध्यक्ष-४ श्री प्रदिप कुमार यादव

८. वडा अध्यक्ष-५ श्री सुरेन्द्र कुमार मण्डल

९. वडा अध्यक्ष-६ श्री विसरोश कुमार यादव

१०. वडा अध्यक्ष-७ श्री संजय कुमार शर्मा

११. वडा अध्यक्ष-८ श्री जिवछ यादव

१२. वडा अध्यक्ष-९ श्री विन्देश्वर यादव

Scanned with CamScanner

# मिथिला बिहारी नगरपालिकाको

आर्थिक वर्ष **२०७९।०८०** को

**आर्थिक ऐन, २०७९**

# मिथिला बिहारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### तारापट्टी, धनुषा (नेपाल)

### मधेश प्रदेश

**२०७९।०३।१० गते (शुक्रवार)**

"शिक्षा, स्वास्थ्य, कृषि, संस्कृति र पुर्वाधार : आत्म निर्भर, समुन्नत र समृद्ध मिथिला बिहारी निर्माणको आधार"

आदरणीय सभा अध्यक्ष महोदय,

अब म यस नगरपालिकाको यही मिति २०७९ साल अषाढ ९ गतेका दिन यस नगर कार्यपालिकाको कार्यपालिका बैठक बाट नगर सभामा पेश भई आएको आर्थिक ऐन २०७९ प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**<u>अनुसूची १</u>**

(दफा २ संग सम्बन्धित)

**सम्पत्ति कर**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को प्रावधान बमोजिम एकिकृत सम्पत्ति कर लागु गर्ने ।

**<u>अनुसूची २</u>**

(दफा ३ संग सम्बन्धित)

**भूमि कर (मालपोत)**

| जग्गाको किसिम | प्रति विघा रु. | जरिवाना | कैफियत |
|---|---|---|---|
| प्रत्येक जग्गा | नि: शूल्क | वार्षिक १० प्रतिशत | विगत वर्षको वक्यौताको हकमा यसै बमोजिम लागु हुनेछ । |

**नोट**: २० कट्ठा सम्मको नि: शूल्क । २० कट्ठा भन्दा बढी भएमा प्रति कट्ठा रु. १० लाग्नेछ ।

**<u>अनुसूची ३</u>**

(दफा ४ संग सम्बन्धित)

**घर बहाल कर**

मिथिला बिहारी नगरपालिका क्षेत्र भित्र घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएमा सम्वन्धित धनीवाट बहाल रकमको वार्षिक १० प्रतिशत घर बहाल कर असुल गर्ने ।

**<u>अनुसूची ४</u>**

(दफा ५ संग सम्बन्धित)

**ब्यवसाय कर**

ब्यवसाय कर निम्नानुसार बार्षिक रुपमा लिईनेछ ।

| सि. नं. | विवरण | श्रेणी (वर्गिकरण) | | |
|---|---|---|---|---|
| | | क (रु.) | ख (रु.) | ग (रु.) |
| १ | होटेल, लज र रेष्टुरेन्ट<br>- ५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>- लज मात्र भएको लजलाई (ख)<br>- साधारण खाना, नास्ता, लज भएकोलाई (ग) | १२०० | ७०० | ५०० |
| २ | मासु पसल<br>- सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>- खसी र कुखूरा बेच्नेलाई (ख)<br>- कुखुरा र माछा बेच्नेलाइ (ग) | १५०० | १००० | ८०० |
| ३ | मदिरा पसल वार्षिक नविकरण<br>- ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>- ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | १५०० | १००० | ८०० |
| ४ | कोल्ड ड्रिङ्कस पसल | १००० | | |
| ५ | सून चाँदी गहना पसल<br>- आफ्नै सून चाँदी लिई बनाउने र बेच्नेलाई (क)<br>- अरूको सून चाँदी लिई बनाउनेलाई (ख) | ३००० | २५०० | २००० |
| ६ | रेडियो र मोवाईल विक्री तथा मर्मत | १००० | | |
| ७ | संचार सेवा | १००० | | |
| ८ | घडि विक्री तथा मर्मत | ५०० | | |
| ९ | केवल टि.भि. सेवा | २००० | | |
| १० | फोटो स्टूडियो | १००० | | |
| ११ | हजाम | ५०० | | |
| १२ | टेलरिंग | १००० | | |
| १३ | जूत्ता पसल<br>- जूत्ता सिलाई र बेच्नेलाई (क) | ५०० | २०० | |

| | | | | |
|---|---|---|---|---|
| | - जूता मर्मत मात्र गर्नेलाई (ख) | | | |
| १४ | मोटर वर्कशप<br>- गाडीको बडी वनाउने तथा मर्मत गर्ने (क)<br>- मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>- मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>- सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>- सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>- गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>- गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>- मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>- मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | ३००० | २५०० | २००० |
| १५ | स्वास्थ्य सेवा<br>- अस्पताललाई (क)<br>- पोली क्लिनीकलाई (ख)<br>- थोक मेडिकललाई (ख)<br>- मेडिकललाई (ग) | ५००० | २००० | १५०० |
| १६ | मेटल वर्कशप | ३००० | | |
| १७ | काष्ठ उद्योग<br>- काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झ्यालढोका आदी बनाउनेलाई (क)<br>- कूनै एक मात्र बनाउनेलाई (ख) | ५००० | ३००० | |
| १८ | ईटा भट्टा र ईटा डिपो<br>- ईटा भट्टालाई (क)<br>- ईटा डिपोलाई (ख) | १०००० | ५००० | |
| १९ | कम्प्युटर ईन्स्टिच्युट | १००० | | |
| २० | दाउरा डिपो | ५०० | | |
| २१ | पान पसल सहित जेनरल स्टोर्स (क) | २५०० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | पान पसल (ख) | | | |
| २२ | बेकरी पसल | १५०० | | |
| २३ | तरकारी र फलफुल पसल | १००० | | |
| २४ | चिया पसल | ५०० | | |
| २५ | मिलहरू<br>- १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>- सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | ३००० | २००० | |
| २६ | डिलर (थोक विक्रेता सम्पूर्ण) | ७००० | | |
| २७ | साईकल मर्मत पसल | ५०० | | |
| २८ | ठेकेदार<br>- नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>- नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>- नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>- नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई (ग) | २५,००० | २०,००० | १५,००० |
| २९ | कपडा पसल भवन भित्र (क)<br>कपडा पसल कठघेरा भित्र (ख)<br>कपडा पसल फुटपाथमा (ग) | ३००० | १००० | ५०० |
| ३० | किराना पसल<br>- थोक सहितको किराना पसललाई (क)<br>- पचास हजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>- सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | ५००० | १५०० | १००० |
| ३१ | खाद्य पसल<br>- थोक सहितको खाद्य पसललाई (क) | ६००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | - खुद्रा मात्रको खाद्य पसललाई (ख) | | | |
| ३२ | भाडा पसल<br>- थोक विक्रेता (क)<br>- खुद्रा (ख) | २००० | १५०० | |
| ३३ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>- थोक सहितको पसललाई (क)<br>- पचास हजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>- सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | ३००० | १००० | ५०० |
| ३४ | कूखुरा पालन<br>- पाँच सय भन्दा वढी कुखुरा पाल्नेलाई (क)<br>- पाँच सय भन्दा कम कूखुरा पाल्नेलाई (ख) | २५०० | १५०० | |
| ३५ | तैयारी पोशाक पसल | २५०० | | |
| ३६ | तैयारी जूत्ता पसल | १५०० | | |
| ३७ | दन्त क्लिनिक | ५००० | | |
| ३८ | हार्डवेयर पसल | १०००० | | |
| ३९ | इलेक्ट्रीकल पसल | ५००० | | |
| ४० | कानूनी फर्म | २००० | | |
| ४१ | साईन वोर्ड पेन्टीङ्ग | १००० | | |
| ४२ | फर्निचर एण्ड फर्निसिंग पसल | १०००० | | |
| ४३ | स्टेशनरी पसल<br>- खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>- स्टेशनरी मात्र भएको लाई (ख) | १५०० | १००० | |
| ४४ | लेखापरीक्षक | २००० | | |
| ४५ | टेलिभिजन पसल | २००० | | |
| ४६ | अन्य उद्योग<br>- २० लाख भन्दा वढी लगानी भएकोलाई (क)<br>- एक लाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख) | ७००० | ५००० | ३००० |

| | | | | |
|---|---|---|---|---|
| | - एक लाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | | | |
| ४७ | विज्ञापन सेवा वा एजेन्ट | १००० | | |
| ४८ | पशू वद्यशाला | २५०० | | |
| ४९ | अन्तर्राष्ट्रिय - गैर सरकारी संस्था (शाखा कार्यालय समेत) | १५००० | | |
| ५० | वित्तिय सेवा<br>- नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने क वर्गको बैंकहरू (क)<br>- नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने ख वर्गको बैंकहरू (ख)<br>- ऋण तथा बचत सहकारी संस्था (ग)<br>- लघुवित्त संस्था (ग) | ३०,००० | २५,००० | २०,००० |
| ५१ | नीजि स्कुल<br>- १ देखि १० सम्मको (क)<br>- १ देखि ८ सम्मको (ख)<br>- १ देखि ५ सम्मको (ग) | ७००० | ५००० | ३००० |
| ५२ | चस्मा पसल | १००० | | |
| ५३ | सिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | १००० | | |
| ५४ | रेफ्रिजेरेटर मर्मत | १००० | | |
| ५५ | दूग्ध डेयरी | ५००० | | |
| ५६ | व्यूटि पार्लर | २००० | | |
| ५७ | सप्लायर्स | २५०० | | |
| ५८ | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई | २०,००० | | |
| ५९ | क्याटेरिङ्ग सेवा | २५०० | | |
| ६० | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था दर्ता तथा नविकरण | १५०० | | |
| ६१ | मार्वल वा टायर पसल | २५०० | | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | कृषि सामग्रीको पसल वा भेटेनरी सम्बन्धी पसल | ५००० | | |
| ६३ | आईसक्रिम पसल | ५०० | | |
| ६४ | कृषि व्यवसाय (बंगूर, माछा, गाई पालन आदी) दर्ता (क)<br>कृषि व्यवसाय (बंगूर, माछा, गाई पालन आदी) नविकरण (ख) | १५०० | १००० | |
| ६५ | निजि कलेज | २०,००० | | |
| ६६ | ह्ययुम पाईप उद्योग (क)<br>ब्लक उद्योग (ख) | १०००० | ५००० | |
| ६७ | मिनरल वाटर उद्योग | ५००० | | |
| ६८ | पानी ट्यांकर | १००० | | |
| ६९ | ग्यास डिपो | ५००० | | |
| ७० | सहकारी दर्ता | ३००० | | |
| ७१ | कृषक समुह दर्ता | ७०० | | |
| ७२ | व्यवसायिक फार्म दर्ता | ५००० | | |
| ७३ | कृषक समुह नविकरण | ५०० | | |
| ७४ | घ वर्गको निर्माण व्यवसाय दर्ता | १०००० | | |
| ७५ | घ वर्गको निर्माण व्यवसाय नविकरण | ८००० | | |
| ७६ | सूचना प्रति पाना | १० | | |
| ७७ | नक्कल दस्तुर प्रति पना | १० | | |
| ७८ | बालुवा प्रति ट्र्याक्टर | २०० | | |
| ७९ | बालुवा प्रति टिपर | ७०० | | |
| ८० | संघ । संस्था दर्ता तथा नविकरण सिफारिश | १५०० | | |
| ८१ | घर कर (प्रति कोठा) | २०० | | |

**<u>नोट</u>**: माथि समावेश नभएका अन्य व्यवसायको दर्ता शूल्क रु. १००० देखि रु. २५०० कार्यको प्रकृति अनूसार लिइनेछ ।

१. यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग वा व्यवसायको हकमा कसैले एउटै पसलमा धैरै आईटम राखि पसल वा व्यवसाय गरेको

छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लाग्ने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२. म्याद भित्र कर नबुझाउने कुनै पनि करदाताहरु वाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसाय कर प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असुल गरिनेछ ।

**अनुसूची ५**

(दफा ६ संग सम्बन्धित)

**सवारी साधन कर**

बार्षिक सवारी साधन कर प्रदेश कानुन बमोजिम हुनेछ ।

**अनुसूची ६**

(दफा ७ संग सम्बन्धित)

**बिज्ञापन कर**

ठेक्का प्रकृया द्वारा विज्ञापन कर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापन कर कर लिने ।

क) सवबोर्ड प्रति वर्गफिट रू. ४०।-
ख) होडिंग बोर्ड प्रति वर्गफिट रू. ७५।-
ग) ग्लोसाईन बोर्ड प्रति वर्गफिट रू. ९०।-
घ) भित्तेलेखन । सटर पेन्टिंग प्रति वर्ग फिट रू. २०।-
ङ) ब्यानर प्रति हप्ता रू. १००।-
च) पोल बोर्ड प्रति गोटा प्रति वर्ष रू. १०००।-
छ) डिजिटल बोर्ड प्रति वर्ग फिट रू. २००।-

**अनुसूची ७**

(दफा ८ संग सम्बन्धित)

**मनोरंजन कर**

मनोरंजन कर प्रदेश कानुन बमोजिमको हुनेछ ।

**अनुसूची ८**

(दफा ९ संग सम्बन्धित)

**बहाल बटौरी शूल्कको दर**

| सि. नं. | विवरण | दर |
|---|---|---|
| १ | तरकारी, फलफुल तथा अन्य सामग्री प्रति टोकरी | १० |
| २ | परेवा प्रति जोडा | १० |
| ३ | कुखुरा प्रति थान | १० |
| ४ | फुटपाथमा बसी मर्मत सम्भार गर्ने, कपाल काट्ने, सुर्ती, चक्कु, हँसीया, खुर्पि, जाँतो सिलौटो वा अन्य सामग्री बेच्ने सँग प्रतिदिन | १० |
| ५ | पटके चिया, नास्ता मिठाई अण्डा आदि बेच्ने | ५० |
| ६ | जडीबुटी बेच्ने तथा खेल, चटक तमासा इत्यादी | २५ |
| ७ | माछा, मासु विक्रेता | १०० |
| ८ | दाउरा वा अन्य यस्तै सामग्री (प्रति पसल) | २०० |
| **नोटः** कुनै साधनमा ल्याइएका सामग्रीलाई पनि माथि उल्लेख भए बमोजिमको इकाइमा दामासाहीले कर संकलन गरिने | | |

**पशु बजार सेवा शुल्कको दर**

क) गाई, भैसी, गोरू (प्रति थान) विक्रेताबाट लिने रू. १५०

ख) गाई, गोरू, रांगा (प्रति थान) क्रेताबाट लिने रु. १५०

ग) खसी बाख्रा, बोका, पाठा, पाठी (प्रति थान) विक्रेता र क्रेता दुबै बाट रू. ५००

**अनुसूची ९**

(दफा १० संग सम्बन्धित)

**पार्किङ्ग शूल्कको कर**

पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

क) नगरपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीको एक पटकमा रु.१० पार्किङ्ग शुल्क लाग्ने छ ।

ख) कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था वाहेक नगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदी स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु. ५ पार्किङ्ग शुल्क लिईने छ । यस्तो शुल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जाने छ ।

**अनुसूची १०**

(दफा ११ संग सम्बन्धित)

**सेवा शूल्क तथा सिफारिस दस्तुर**

नगरपालिकावाट उपलब्ध गराउने सिफारिसहरुको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि. नं. | विवरण | सिफारिस दस्तुर रु. |
|---|---|---|
| १ | नाता प्रमाणित | १०० |
| २ | धारा । विजूली | १०० |
| ३ | नाम, थर आदि सच्याउने | १०० |
| ४ | जग्गा, मोही नामसारी, जग्गा दर्ता, गूठी, रैकर आदी | १०० |
| ५ | जग्गा खरिद विक्रीमा घर, बाटो सिफारिस | १०० |
| ६ | कालोपत्रे मोटर बाटो भएको छ भनि गरिने सिफारिसमा | १५० |
| ७ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउन रकमको ०.१ प्रतिशतका दरले |
| ८ | रूख काट्नको लागि सिफारिस दिंदा प्रति रूख | १०० |
| ९ | घरकायम सिफारिस (प्रति फिट) | ५ |
| १० | सरजमिन सिफारिस | ५०० |
| ११ | छात्रवृति सिफारिस | निः शूल्क |
| १२ | विपन्न वा असहाय विधार्थी सिफारिस | निः शूल्क |
| १३ | अपाङ्गता भएको सिफारिस | निः शूल्क |
| १४ | अस्थाइ बसोवास सिफारिस | १०० |
| १५ | स्थायी बसोवास सिफारिस | १०० |
| १६ | नागरिक्ता सिफारिस (दलित, अपांग, असहाय र विपन्न | १०० |

| | | |
|---|---|---|
| | लाई निः शूल्क) | |
| १७ | जीवित रहेको सिफारिस | १०० |
| १८ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | २०० |
| १९ | व्यवसाय बन्द सिफारिस | ३०० |
| २० | व्यवसाय सञ्चालन नभएको सिफारिस | ३०० |
| २१ | व्यापार व्यवसाय नभएको सिफारिस | १०० |
| २२ | कोर्ट फी मिनाहा सिफारिस | निः शूल्क |
| २३ | नाबालक परिचयपत्र सिफारिस | निः शूल्क |
| २४ | चौपाया सम्बन्धी सिफारिस | १०० |
| २५ | व्यवसाय दर्ता सिफारिस | १००० |
| २६ | उद्योग ठाउँसारी सिफारिस | १००० |
| २७ | विद्यालय ठाउँसारी सिफारिस | १००० |
| २८ | आन्तरिक बसाइ सराइ सिफारिस | १०० |
| २९ | विद्यालय सञ्चालन स्वीकृति, कक्षा वृद्धि सिफारिस (प्रति कक्षा) | १००० |
| ३० | व्यक्तिगत विवरण सिफारिस, नविकरण सिफारिस | ५०० |
| ३१ | जग्गा दर्ता सिफारिस | ५०० |
| ३२ | संस्था दर्ता सिफारिस | ५०० |
| ३३ | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० |
| ३४ | संरक्षक सिफारिस (संस्थागत) | ५०० |
| ३५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० |
| ३६ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारिस | १०० |
| ३७ | स्वास्थ्य उपचारको सिफारिस | निः शूल्क |
| ३८ | जीवित सङ्गको नाता प्रमाणित | १०० |
| ३९ | मृतक सङ्गको नाता प्रमाणित | १०० |
| ४० | आर्थिक अवस्था बलियो सिफारिस | १००० |
| ४१ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निः शूल्क |
| ४२ | जग्गा मुल्यांकन सिफारिस । प्रमाणित | १००० मा १ रु. |

| | | |
|---|---|---|
| ४३ | चार किल्ला प्रमाणित | १०० |
| ४४ | जन्म मिति प्रमाणित दलित, विपन्न, अपाङ्ग र असहाय लाई नि: शूल्क अन्यथा | १०० |
| ४५ | विवाह प्रमाणित | १०० |
| ४६ | कागज । मञ्जुरीनामा प्रमाणित | १०० |
| ४७ | हकवाला वा हकदार प्रमाणित | १०० |
| ४८ | अविवाहित प्रमाणित | १०० |
| ४९ | अपुताली सिफारिस | १०० |
| ५० | अन्य सिफारिस वा प्रमाणित | १०० |
| ५१ | दर्ता शुल्क | |
| ५२ | जन्म दर्ता ३५ दिन भित्र भए नि:शूल्क र दलित, विपन्न, अपाङ्ग र असहाय लाई समेत नि: शूल्क अन्यथा | १०० |
| ५३ | मृत्यु दर्ता ३५ दिनभित्र भए निशूल्क र दलित, विपन्न, अपाङ्ग र असहाय लाई समेत नि: शूल्क अन्यथा | १०० |
| ५४ | बसाइ सराइ जाने आउने दर्ता ३५ दिनभित्र भए नि: शूल्क अन्यथा | १०० |
| ५५ | सम्बन्ध विच्छेद दर्ता ३५ दिन भित्र भए निशूल्क अन्यथा | १०० |
| ५६ | विवाह दर्ता ३५ दिनभित्र भए नि: शूल्क अन्यथा | १०० |
| ५७ | नयाँ व्यवसाय दर्ता | १५०० |
| ५८ | व्यवसाय नवीकरण | १००० |
| ५९ | सरसफाइ शूल्क मासिक | ५० |
| ६० | सरसफाइ कार्डको | १०० |
| **<u>नोट</u>**: सरसफाइ सम्बन्धी पुर्वाधार बनिसकेपछि लाग्नेछ र कुनै पनि सिफारिस अंग्रेजीमा गराउदा रु. ५०० लाग्नेछ । | | |

**<u>नक्सा पास दस्तुर तथा फारम शूल्कको दररेट</u>**

| सि. नं. | विवरण | दर रेट रु. |
|---|---|---|
| | RCC भुई तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | ६ |
| | RCC प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | १२ |

| | | |
|---|---|---|
| १ | RCC दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | १५ |
| | RCC तेस्रो तल्ला र सो भन्दा माथि निर्माण गर्दा प्रति वर्ग फिट | १८ |
| २ | कम्पाउण्ड वाल प्रति फीट | ३ |
| ३ | घर निर्माण सम्पन्न प्रमाणपत्र प्रति वर्ग फिट | ३ |
| ४ | घर नक्सा पास दस्तुर | ५०० |
| ५ | घर नक्सा निवेदन दस्तुर | १००० |
| ६ | घर नक्साको प्रतिलिपि | ५०० |